जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १३७ • २०८३ साल आश्विन १८ गते आइतबार (4 October, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## स्वास्थ्य निर्देशनालयका निर्देशकमा डा. झालाई नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका निर्देशकमा डा. नवलकिशोर झालाई नियुक्त गरिएको छ ।

स्वास्थ्य कार्यालय सर्लाहीमा कार्यरत्त रहेका प्रमुख डा. झाको बढुवा भएसंगै स्वास्थ्य निर्देशनालयको निर्देशक पदमा नियुक्त भएका छन् ।

स्वास्थ्य क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएका डा. झालाई प्रदेश स्वास्थ्य निर्देशनालयको नेतृत्वको जिम्मेवारी दिइएको छ ।

पदोन्नतिसँगै प्रदेशमा स्वास्थ्य सेवा प्रवाहलाई थप व्यवस्थित, प्रभावकारी र जनमुखी बनाउन योगदान पुग्ने विश्वास उनीमाथि गरिएको छ ।

स्वास्थ्य कार्यालय सर्लाहीको प्रमुखका रूपमा कार्यरत रहँदा डा. झाले स्वास्थ्य सेवा व्यवस्थापन तथा सेवा प्रवाहका क्षेत्रमा जिम्मेवारी निर्वाह गर्दै आएका थिए ।

अब स्वास्थ्य निर्देशनालयको नेतृत्व सम्हाल्दै प्रदेशभरका स्वास्थ्य कार्यक्रमको समन्वय, अनुगमन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने जिम्मेवारी आफूमाथि थपिएको नवनियुक्त डा. झाले बताए ।

### रास्वपा सांसद सिंहमाथि जाहेरी दर्ता
## दलित, गरिब तथा अल्पसंख्यक समदुायलाई प्रयोग गरेको सिंहमाथि आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का बारा क्षेत्र नम्बर २ का सांसद चन्दनकुमार सिंहसहित १४ जनाविरुद्ध भेदभाव तथा अपमानजनक व्यवहारसम्बन्धी मुद्दा दर्ता भएको छ ।

उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासबाट जारी परमादेशपछि जिल्ला प्रहरी कार्यालय बाराले गत असोज ६ गते सिंहसहित १४ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ । मुद्दामा देवताल गाउँपालिका-५ का ३१ वर्षीय गनपत कुमार महतोले जाहेरी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरले उच्च अदालतको परमादेशपछि मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको जानकारी दिए । यसअघि पनि सांसद सिंहमाथि सो मुद्दामा जाहेरी दर्ता गराउने प्रयास भए पनि प्रहरीले भने आनाकानी गरेका थिए ।

'उच्च अदालतको परमादेशमा उक्त मुद्दा दर्ता भएको हो । मुद्दामा अनुसन्धान भइरहेको छ । यसअघि पनि त्यो मुद्दा दर्ता गराउने प्रयास भएको थियो, तर भएको थिएन,' एसपी कुँवरले भने, 'त्यसकारण उच्च अदालतको परमादेशले दर्ता भए पनि अनुसन्धान भइरहेको छ । तर पक्राउ पुर्जी भने जारी भएको छैन ।'

जाहेरीकर्ता महतो देवताल गाउँपालिकामा सुपरभाइजर पदमा करार सेवामा कार्यरत रहेको उल्लेख छ । उनले समाजमा भइरहेका गलत गतिविधिको विरोध गरेका कारण आफूलाई सामाजिक रूपमा बहिष्कार गर्ने निर्णय गरिएको आरोप लगाएका छन् ।

जाहेरी अनुसार २७ कात्तिक २०८१ मा सांसद सिंहको संलग्नतामा अन्य व्यक्तिहरूको सहभागितामा महतोलाई सामाजिक बहिष्कार गर्ने निर्णय गरिएको थियो । उक्त निर्णयका कारण आफू र आफ्नो परिवारलाई सामाजिक रूपमा अपहेलित तथा अपमानित हुनुपरेको महतोको दाबी छ ।



महतोले गाउँपालिकामा आफूविरुद्ध उजुरी परेपछि आफू सात दिन निलम्बनमा परेको समेत जाहेरीमा उल्लेख गरेका छन् ।

उनले आफूलाई सामाजिक रूपमा बहिष्कार गर्ने, अपमान गर्ने तथा गाउँघरमा आफ्नो चरित्र र व्यक्तित्वमा आँच पुग्ने गरी विभिन्न किसिमका प्रचार-प्रसार गरिएको जाहेरीमा लेखिएको छ ।

सो जाहेरीमा महतोले विपक्षीहरूले गाउँमा विकाससम्बन्धी काम गर्न अवरोध गरेको आरोप पनि लगाएका छन् । त्यस्ता अवरोधका बाबजुद आफूले विकाससम्बन्धी काम अघि बढाउन पहल गरेपछि विभिन्न व्यक्तिसँग मिलेर आफूलाई समाजबाट बहिष्कार गर्ने निर्णय गरिएको उनको दाबी छ ।

जाहेरी अनुसार आफू तथा आफ्नो परिवारका सदस्यलाई गाउँमा हुने विवाह, सामाजिक तथा धार्मिक कार्यक्रममा सहभागी हुन नदिने वातावरण सिर्जना गरिएको थियो । सार्वजनिक स्थान तथा धार्मिक स्थलमा समेत आफूलाई बहिष्कार गर्न लगाइएको र विभिन्न माध्यमबाट अपमानजनक व्यवहार गरिएको महतोको आरोप छ ।

उनले गाउँघरमा आफ्नो सामाजिक प्रतिष्ठामा असर पर्ने गरी आफूविरुद्ध विभिन्न किसिमका कुरा प्रचार-प्रसार गरिएको दाबीसमेत गरेका छन् ।

महतोले जाहेरीमा आफूलाई 'ठूलोबडा बन्ने व्यक्ति'का रूपमा चित्रण गर्दै आफ्नो विरोधमा गाउँका दलित, गरिब, विपन्न तथा अल्पसंख्यक समुदायका मानिसलाई पैसा तथा अन्य प्रलोभन दिएर प्रयोग गरिएको आरोपसमेत लगाएका छन् ।

विपक्षीहरूको गतिविधिका कारण आफ्नो व्यक्तिगत चरित्र, आचरण तथा सामाजिक प्रतिष्ठामा असर परेको उनको दाबी छ । आफू र परिवारका सदस्यले गाउँ तथा समाजमा अपहेलना र अपमानको सामना गर्नुपरेको भन्दै उनले घटनामा संलग्न व्यक्तिमाथि कानुनबमोजिम कारबाही गर्न प्रहरीसमक्ष माग गरेका छन् । महतोले दिएको जाहेरीमा सांसद सिंहसहित १४ जनाको नाम उल्लेख गरिएको छ । जाहेरीमा सिंहसँगै रामबाबु प्रसाद यादव, ईश्वर चौधरी, विश्वनाथ सिंह, दिला सिंह, भैरव राउत, शिवदर्शन पण्डित, वीरेन्द्र पसवान, प्रमोद प्रसाद साह, हरिनारायण गिरी, रामबाबु यादव, भोडीलाल साह, रामेश्वर महतो र देवराज महतोको नामसमेत उल्लेख छ ।

जाहेरीकर्ताले घटनासँग सम्बन्धित प्रमाणका रूपमा विपक्षीहरूले गरेको भनिएको निर्णयको फोटोकपीसमेत संलग्न गरेको बताएका छन् । उनले आवश्यक अनुसन्धान, सरजमिनलगायतका प्रक्रिया पूरा गरी घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीसमक्ष माग गरेका छन् ।

यसका साथै, अनुसन्धानका क्रममा आफूलाई आवश्यक परे उपस्थित हुने प्रतिबद्धता पनि जाहेरीमा जनाइएको छ ।

सांसद सिंह २०७४ सालमा तत्कालीन महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबाट देवताल गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोसपाबीच एकीकरण भएपछि उनी निर्वाचनको मुखमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) मा प्रवेश गरेका थिए । त्यसपछि उनी बारा क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

मुद्दा दर्ता भए पनि हालसम्म सांसद सिंह वा अन्य आरोपितविरुद्ध पक्राउ पुर्जी जारी नभएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## कांग्रेसको १५औँ महाधिवेशन आजदेखि शुरु

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ । 'नयाँ कांग्रेस, नयाँ संकल्प' भन्ने मूल नारासहित कांग्रेसको महाधिवेशन आइतबार काठमाडौंको ऐतिहासिक खुलामञ्चमा भव्य समारोहका बीच उद्घाटन हुँदैछ । महाधिवेशनका लागि देशभरबाट प्रतिनिधिहरू काठमाण्डु आउने क्रम जारी रहेको कांग्रेसले जनाएको छ ।



खुलामञ्चमा शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत पार्टी प्रवक्ता देवराज चालिसेले महाधिवेशनको तयारी पूरा भएको जानकारी दिए । उनका अनुसार महाधिवेशनमा ५० हजारभन्दा बढी युवासहित सात हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहनेछ । प्रतिनिधिहरूको दर्ता प्रक्रिया शनिबारदेखि नै कांग्रेस केन्द्रीय कार्यालय सानेपामा शुरु भएको छ । प्रत्येक प्रदेशका लागि छुट्टाछुट्टै दर्ता कक्षको व्यवस्था गरिएको छ । प्रतिनिधिले तीन हजार पाँच सय रुपैयाँ दर्ता शुल्क बुझाउनुपर्नेछ ।

दर्तापछि प्रतिनिधिहरूलाई महाधिवेशनको झोला उपलब्ध गराइनेछ । झोलामा पार्टीको विधान, कापी, कलमलगायत सामग्री राखिएको छ । प्रतिनिधिहरूको बसोबास व्यवस्थापनका लागि निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशस्तरमा संयोजक तोकिएको छ । आवास, भोजन तथा अन्य आवश्यक जानकारी क्यूआर कोड, एसएमएस, ह्वाट्सएप तथा एआई नम्बरमार्फत उपलब्ध गराउने व्यवस्था गरिएको कांग्रेसले जनाएको छ ।

महाधिवेशनको उद्घाटनका लागि खुलामञ्चमा केही दिनदेखि मञ्च निर्माण, कुर्सी व्यवस्थापन, झन्डा तथा अन्य सजावटका काम तीव्र पारिएको थियो । शनिबार बिहानैदेखि पनि उद्घाटन समारोहको तयारी जारी थियो । कांग्रेसले खुलामञ्चलाई नेपालको लोकतान्त्रिक आन्दोलनसँग जोडिएको ऐतिहासिक स्थलका रूपमा व्याख्या गरेको छ ।

प्रवक्ता चालिसेले जनाए अनुसार २०३६ सालको जनमतसंग्रहका सन्दर्भमा बीपी कोइरालाले यही भूमिबाट ऐतिहासिक सार्वजनिक सम्बोधन गरेका थिए । त्यसैगरी २०४६ सालको राजनीतिक परिवर्तनका लागि गणेशमान सिंहले पनि खुलामञ्चबाट आन्दोलनको उद्घोष गरेको कांग्रेसको भनाइ छ । यही ऐतिहासिक पृष्ठभूमिलाई ध्यानमा राखेर १५औँ महाधिवेशनको उद्घाटन खुलामञ्चमा गर्न लागिएको हो ।

कांग्रेसले यसपटकको महाधिवेशनलाई केवल नेतृत्व चयनमा सीमित नगरी 'नीति चयन'को महाधिवेशनका रूपमा अघि बढाउने जनाएको छ । प्रवक्ता चालिसेका अनुसार बन्दसत्रमा पार्टीको आगामी राजनीतिक, आर्थिक, सामाजिक तथा सांगठनिक दिशाबारे विस्तृत छलफल हुनेछ । सभापति गगन थापाले आगामी पाँच वर्षका लागि कांग्रेसले लिने राजनीतिक, आर्थिक, उत्पादन, रोजगारी तथा परराष्ट्र नीतिसम्बन्धी दृष्टिकोण समेटिएको कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ । उपसभापति विश्वप्रकाश शर्माले पनि समसामयिक विषयमा प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

महाधिवेशनको उद्घाटनपछि असोज १९ र २० गते बन्दसत्र सञ्चालन हुनेछ । बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले छुट्टाछुट्टै प्रतिवेदन प्रस्तुत गर्नेछन्। प्रतिवेदनमाथि भूगोलका आधारमा प्रतिनिधिहरूलाई समूह विभाजन गरी तीन फरक हलमा डिजिटल बोर्डमार्फत छलफल गराउने तयारी छ ।

नेतृत्व चयनका लागि भने निर्वाचन प्रक्रिया अघि बढाइनेछ । निर्वाचन समितिले असोज १९ गते अपराह्न २ बजेदेखि ६ बजेसम्म राष्ट्रिय सभागृहमा उम्मेदवारी मनोनयन दर्ताको समय तोकेको छ । प्रवक्ता चालिसेले जनाए अनुसार उम्मेदवारी मनोनयन सुरु हुनुअघि नै विधान संशोधनसम्बन्धी निर्णय गरिसक्ने तयारी छ। नेतृत्व चयनमा मतपत्रमार्फत निर्वाचन हुने कांग्रेसले जनाएको छ । असोज २१ र २२ गते निर्वाचन प्रक्रियामा प्रतिनिधिहरू सहभागी हुने कार्यक्रम छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा कांग्रेसले पदाधिकारी संख्या बढाउने विषयमा समेत छलफल अघि बढाएको छ । हाल कांग्रेसमा सभापति एक, उपसभापति दुई, महामन्त्री दुई तथा विभिन्न आठ क्लस्टरबाट आठ सहमहामन्त्री निर्वाचित हुने व्यवस्था छ। विधान संशोधनमार्फत दुई उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री थप्ने विषयमा छलफल भइरहेको बताइएको छ । युवा तथा महिला प्रतिनिधित्व बढाउनुपर्ने सुझाव पनि विधान संशोधन समितिमा आएको छ । यद्यपि प्रस्तावित संशोधनलाई अन्तिम रूप दिएर महाधिवेशनबाट अनुमोदन गरेपछि मात्र त्यसको कार्यान्वयनबारे टुंगो लाग्नेछ ।

महाधिवेशनमा पहिलोपटक ३५ वर्षमुनिका युवा, लोकतन्त्र सेनानी, श्रमिक, पेसागत समूह तथा प्रवासमा रहेका नेपालीलाई समेत केन्द्रीय समितिमा प्रतिनिधित्वको अवसर दिने व्यवस्था गरिएको कांग्रेसले जनाएको छ । यसले पार्टीको संगठनात्मक संरचनामा नयाँ समूहको सहभागिता बढाउने उद्देश्य राखेको छ ।

प्रतिनिधि तथा शुभेच्छुकका लागि भृकुटीमण्डप, राष्ट्रिय सभागृह र पुरानो बसपार्क क्षेत्रमा निजी सवारीसाधन पार्किङको व्यवस्था गरिएको छ । ठूला बसका लागि माइतीघरदेखि भद्रकाली खण्डको एक लेन छुट्याइएको छ ।

महाधिवेशनका गतिविधिलाई नियमित रूपमा सार्वजनिक गर्न मिडिया सेन्टर स्थापना गरिएको छ । प्रवक्ता चालिसेले जनाए अनुसार महाधिवेशन अवधिभर नियमित मिडिया ब्रिफिङमार्फत कार्यक्रम, निर्णय र प्रगतिबारे जानकारी दिइनेछ ।

कांग्रेसले १५औँ महाधिवेशनमार्फत नेतृत्वसँगै आगामी पाँच वर्षको राजनीतिक, आर्थिक तथा संगठनात्मक दिशासमेत तय गर्ने लक्ष्य राखेको छ । ऐतिहासिक खुलामञ्चबाट आइतबार शुरु हुने महाधिवेशनले नयाँ नेतृत्व चयनसँगै पार्टीको नीति, कार्यक्रम र संगठनात्मक संरचनाबारे महत्वपूर्ण निर्णय गर्ने अपेक्षा गरिएको छ ।



# नक्सापास अनुसार घर नबनाउनेलाई अब रु. १० लाखसम्म जरिवाना

टुडे समाचारदाता

जनकपुरधाम । नक्सा पास नगरी वा तोकिएको मापदण्ड मिचेर भवन निर्माण गरेको अवस्थामा अब घरधनीलाई कडा कारवाही सहितको व्यवस्था अघि बढाइएको छ ।



प्रस्तावित भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकले अवैध संरचना बनाउनेलाई १० लाख रुपैयाँसम्म जरिवाना गर्ने, घरजग्गा किनबेच गर्न नपाउने गरी रोक्का राख्ने र बिजुली-पानीको लाइनसमेत काटिदिनेसम्मको कडा कानुनी व्यवस्था अघि सारेको हो ।

विधेयकको दफा १४ ले कसुर र सजायको व्यवस्था गर्दै स्वीकृत नक्सा र भवन संहिता उल्लंघन गर्ने घरधनीलाई कडा आर्थिक जरिवानाको प्रस्ताव गरेको छ । विधेयक अनुसार, ऐनबमोजिम डिजायन तथा नक्सा स्वीकृत नगराई वा स्वीकृत नक्सा र मापदण्डविपरीत हुनेगरी 'क' र 'ख' वर्गका (ठूला तथा अत्याधुनिक) भवन निर्माण गरेमा ५ लाखदेखि १० लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

सोही कसुरमा अन्य वर्गका साना भवन निर्माण गरेमा ५ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यसैगरी, स्वीकृत भइसकेको नक्सामा आफूखुसी हेरफेर गरी पुनः स्वीकृति नलिई 'क' र 'ख' वर्गका भवन बनाएमा ३ लाखदेखि ५ लाख रुपैयाँसम्म र अन्य वर्गका भवनमा २ लाख रुपैयाँसम्म जरिवाना गरिनेछ ।

जरिवाना तिराएर मात्र अवैध भवनलाई कानुनी मान्यता दिइने छैन। विधेयकको उपदफा (३) अनुसार स्थानीय तहले मापदण्डविपरीत भवन निर्माण गर्न लागेको अवस्थामा तुरुन्त काम रोक्न वा निर्माण भइसकेको भए त्यस्तो अवैध भवन वा त्यसको कुनै भाग भत्काउन सिधै आदेश दिन सक्नेछ ।

यदि घरधनीले भत्काउने आदेश पालना नगरेमा वा अटेरी गरेमा स्थानीय तहले उक्त भवन वा संरचना नभत्काएसम्म त्यस्तो सम्पत्ति कसैलाई हक छाडी दिन (बिक्री गर्न) वा बैंकमा धितो बन्धक राख्न नपाउने गरी रोक्का राख्न सम्बन्धित मालपोत लगायतका कार्यालयलाई लेखी पठाउनेछ ।

सम्पत्ति किनबेचमा रोक्का राख्ने मात्र नभई अवैध घरधनीलाई थप दबाब दिन अत्यावश्यक सेवाबाट समेत वञ्चित गरिनेछ। विधेयकको उपदफा (४) को खण्ड (ख) अनुसार त्यस्तो अवैध निर्माण भएको भवनमा धारा, बिजुली र टेलिफोनलगायतका सुविधा वितरण गर्न रोक लगाइनेछ ।

यदि घरधनीले पहिले नै त्यस्ता सुविधा लिइसकेको भए पनि नियमविपरीतको संरचना नहटाएसम्म धारा, बिजुली र टेलिफोनको लाइन काट्न सम्बन्धित निकायलाई सिफारिस गरिने कठोर प्रावधान विधेयकमा राखिएको छ ।

# दुई महिनामै विपद्का घटनामा मधेशमा ९२ जनाको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम। चालु आर्थिक वर्ष २०८३/८४ को शुरुवाती दुई महिनामै मधेश प्रदेशमा विपद्का घटनामा परी ९२ जनाको मृत्यु भएको छ।



साउन र भदौ महिनामा भएका विभिन्न ४५९ विपद्का घटनामा ४७ पुरुष, १९ महिला र २६ बालबालिकाले ज्यान गुमाएको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ। प्रहरीको तथ्यांकअनुसार दुई महिनाको अवधिमा सबैभन्दा धेरै मानवीय क्षति करेन्ट लागेका घटनाबाट भएको छ । करेन्ट लागेर मात्रै ३९ जनाको मृत्यु भएको छ।

त्यसैगरी पानीमा डुबेर २९, जङ्गली जनावरको आक्रमणबाट पाँच, चट्याङबाट तीन तथा आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । अन्य विभिन्न विपद्का घटनामा थप १३ जनाले ज्यान गुमाएको हो।

विपद्का घटनाको संख्या हेर्दा पनि करेन्ट लाग्ने र आगलागीका घटना उल्लेख्य देखिएका छन् । दुई महिनामा करेन्ट लागेका १०७ घटना भएका छन् भने आगलागीका ११२ घटना प्रहरीमा दर्ता भएको प्रदेश प्रहरीको तथ्यांकमा उल्लेख छ।

यस्तै, पानीमा डुब्ने ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना भएका छन्। वर्षायाममा मधेशका विभिन्न जिल्लामा नदी, खोला, पोखरी तथा अन्य जलाशयमा पानीको सतह बढ्दा डुबान र डुब्ने घटनाको जोखिम बढ्ने गरेको छ ।ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी तथा असुरक्षित जलाशयमा बालबालिका डुब्ने घटना हुने गरेका छन्।

बाढी तथा डुबानका कारण कतिपय बस्ती प्रभावित हुने गरेका छन्। नदी तथा खोलाको बहाव बढ्दा मानव बस्तीका साथै सडक, घर तथा अन्य भौतिक संरचनामा समेत क्षति पुग्ने गरेको प्रहरीको तथ्यांकले देखाएको छ।

विद्युतीय तार, उपकरण तथा विद्युत् प्रवाहसँग सम्बन्धित असावधानीका कारण पनि करेन्ट लाग्ने घटना हुने गरेका छन्। दुई महिनामा करेन्ट लागेका १०७ घटनामा ३९ जनाको मृत्यु भएपछि यसलाई प्रदेशमा मानवीय क्षतिको प्रमुख कारणका रूपमा प्रहरीले देखाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले आगलागी तथा करेन्टसँग सम्बन्धित घटनाबाट हुने मानवीय क्षति न्यूनीकरणका लागि पूर्वसावधानी र जनचेतना आवश्यक रहेको बताए। उनका अनुसार विपद् हुनुअघि अपनाइने सावधानीले मानवीय क्षति कम गर्न महत्वपूर्ण भूमिका खेल्छ।

विपद्का कारण मानवीय क्षतिसँगै ठूलो परिमाणमा भौतिक सम्पत्तिसमेत नष्ट भएको छ। प्रहरीका अनुसार चालु आर्थिक वर्षको पहिलो दुई महिनामा भएका ४५९ विपद्का घटनाबाट दुई करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक क्षति भएको छ।

यसमा सबैभन्दा ठूलो क्षति आगलागीबाट भएको छ । आगलागीका घटनाबाट मात्रै दुई करोड ७० लाख १३ हजार ३५० रुपैयाँ बराबरको क्षति भएको प्रहरीको तथ्यांक छ । आगलागीका कारण २१२ परिवारका घरसमेत जलेका छन्।

यस्तै, बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपैयाँ, चट्याङबाट तीन लाख रुपैयाँ, जङ्गली जनावरको आक्रमणबाट दुई लाख ७२ हजार रुपैयाँ र अन्य विभिन्न विपद्का घटनाबाट चार लाख ६३ हजार रुपैयाँ बराबरको क्षति भएको प्रदेश प्रहरीले जनाएको छ । विपद्का कारण कतिपय परिवार विस्थापित भएका छन् भने कतिपयको घर, खाद्यान्न तथा अन्य सम्पत्तिमा क्षति पुगेको छ। आगलागीका घटनाले परिवारलाई ठूलो आर्थिक क्षतिसँगै तत्काल सुरक्षित आवासको समस्या सिर्जना गर्ने गरेको छ।

प्रहरीका अनुसार दुई महिनाको अवधिमा विपद् व्यवस्थापन तथा उद्धारका क्रममा दुई हजार ८६९ जना प्रहरी परिचालन भएका छन् । मधेश प्रदेशका आठवटै जिल्लामा विपद् व्यवस्थापन तथा उद्धारका लागि सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

एसएसपी ढकालका अनुसार विपद्का समयमा तत्काल उद्धार तथा राहतका लागि सम्बन्धित निकायबीच समन्वय आवश्यक हुन्छ।

सम्भावित जोखिम क्षेत्रको पहिचान, पूर्वतयारी तथा नागरिक स्तरमा जनचेतना विस्तार गर्न सके विपद्बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सकिने प्रहरीको भनाइ छ।

चालु आर्थिक वर्षको शुरुवाती दुई महिनाको तथ्यांकले मधेश प्रदेशमा विपद् व्यवस्थापनसँगै करेन्ट, आगलागी, डुबान तथा पानीमा डुब्ने घटनाको जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राख्नुपर्ने अवस्था देखाएको छ।

## श्रोत नखुलेको भारतीय रुपैयाँसहित दुईजना पक्राउ




टुडे समाचारदाता

रौतहट । स्रोत नखुलेको ठूलो परिमाणको भारतीय रुपैयाँसहित रौतहटको गौर भन्सार नाकाबाट दुई जना भारतीय नागरिक पक्राउ परेका छन् ।

गौर नगरपालिका-१ स्थित गौर भन्सार कार्यालय अगाडि शुक्रबार साँझ करिब ७:४५ बजे गरिएको संयुक्त चेकजाँचका क्रममा भारतबाट पैदल नेपाल प्रवेश गर्दै गरेका दुई जनालाई शंकास्पद अवस्थामा पक्राउ परेको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा भारतको शिवहर जिल्ला रामपुर भटहा थाना बस्ने २२ वर्षीय करण कुमार गिरी र ३५ वर्षीय लालबाबु राय रहेका छन् ।

भन्सार सुरक्षा गार्ड र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म, गौरबाट खटिएको संयुक्त टोलीले उनीहरूको शरीर तथा साथमा रहेको सामान जाँच गर्दा १ लाख ८ हजार ५ सय भारतीय रुपैयाँ र एउटा मोबाइल फोन बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिए।

बरामद रकमको स्रोत खुलाउन नसकेपछि दुवै जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। उनीहरूलाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ।

प्रहरीका अनुसार बरामद रकम कहाँबाट प्राप्त भएको हो र उनीहरू उक्त रकमसहित नेपाल प्रवेश गर्नुको उद्देश्य के थियो भन्ने विषयमा समेत अनुसन्धान भइरहेको छ।

## नेसपाको बारा कार्यसमिति गठन

टुडे समाचारदाता

बारा । नेपाल संघीय समाजवादी पार्टीको बारा जिल्ला समितिको गठन गरिएको छ । कलैयामा बसेको बैठकले जिल्ला समिति विस्तार, जिल्ला अधिवेशन र आगामी कार्ययोजनाबारे छलफल गर्दै नुरुल्लाह मियाँको नेतृत्वमा २१ सदस्यीय जिल्ला समिति गठन गरेको पार्टी अध्यक्ष मोहम्मद रिजवान अन्सारीले जानकारी दिएका हुन् ।



नवनिर्मित समितिको उपाध्यक्षमा जमालुद्दिन मियाँ, कोषाध्यक्षमा नसारुद्दिन देवान र सचिवमा बौवा लाल ठाकुर चयन भएका छन्। बैठकले आगामी मंसिर २० गते सदरमुकाम कलैयामा जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ।

बैठकले पार्टी संगठनलाई सुदृढ, व्यवस्थित र जनमुखी बनाउँदै आगामी राजनीतिक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरेको छ।

संगठन विस्तार, राजनीतिक सुदृढीकरण र जनतासँगको सम्बन्ध मजबुत बनाउने अवसरका रूपमा लिँदै आवश्यक तयारी अघि बढाउने निर्णय गरिएको छ। आगामी तीन महिनाभित्र बाराका सबै स्थानीय तह, निर्वाचन क्षेत्र र वडासम्म पार्टी संगठन निर्माण तथा विस्तार गर्ने लक्ष्य लिइएको छ।

साधारण र सक्रिय सदस्यता वितरणलाई तीव्र पार्दै संगठनलाई जनताको घरदैलोसम्म पुऱ्याउने निर्णय बैठकले गरेको छ। गतिविधिलाई व्यवस्थित बनाउन कलैयामा जिल्ला पार्टी कार्यालय स्थापना गर्ने निर्णयसमेत गरिएको छ।

बैठकलाई सम्बोधन गर्दै अध्यक्ष अन्सारीले मुलुक गम्भीर परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै प्राप्त उपलब्धि र जनताका अधिकार संरक्षणका लागि संगठन बलियो बनाउनुपर्ने बताए। उनले संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र जनअधिकार जस्ता उपलब्धिलाई संस्थागत गर्दै निरन्तर संघर्ष गर्नुपर्नेमा जोड दिए।

## मधेशको राजनीति बारे समीक्षा गर्नुपर्ने : अध्यक्ष घिसिङ्ग

टुडे समाचारदाता

वीरगञ्ज । मधेसको राजनीतिबारे समीक्षा गर्नुपर्ने बेला आएको उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले बताएका छन् । जनमत पार्टीको शनिवारदेखि सुरु भएको महाधिवेशनमा शुभकामना दिँदै उनले सो कुरा बताएका हुन् ।



उनले मधेसमा अधिकारका लागि थुप्रै संघर्ष भएको र केही प्राप्त पनि भएको तर त्यो कार्यान्वयन भयो कि भएन भनेर समीक्षा गर्ने बेला आएको बताए । विगतको चुनावका बारेमा पनि समीक्षा हुनु आवश्यक रहेको बताउँदै उनले अब के गर्न सकिन्छ भन्नेतर्फ पनि गम्भीर समीक्षा हुनुपर्ने भने ।

देशलाई आर्थिक सुशासनमा लैजान ध्यान दिनुपर्ने बताउँदै उनले भने, 'मधेसबाट राष्ट्रपति भए, अहिले प्रधानमन्त्री छन् तर मधेसी जनतामा आधारभूत परिवर्तन भयो कि भएन त्यसको बारेमा पनि समीक्षा गर्नुपर्ने बेला आएको छ।'

उनले मधेसको छोरा प्रधानमन्त्री भएकै बेला मधेसको हितमा काम नहुँदा जनतामा असन्तुष्टि बढ्दै गएको बताए । उनले भने, 'म विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक भएको बेला मधेसमा आधा पनि विद्युत् पुगेको थिएन, पछि त्यसको विस्तारमा लागे र घरघरमा बत्ती बल्यो।'

मधेस प्रदेश देशको मुटु भएको बताउँदै उनले यसलाई आर्थिक हबको रूपमा विकास गर्नुपर्ने बताए । त्यसपछि मात्र देशले आर्थिक रूपमा चाँडै प्रगति गर्ने घिसिङले बताए। मधेस प्रदेश कृषिका लागि उर्वर भूमि भएको बताउँदै उनले तर सिँचाइको अभाव समस्याको रूपमा रहेको बताए। घिसिङले मधेसका खेतमा पनि विद्युत् सुविधा पुऱ्याउनुपर्ने बताउँदै कृषिका लागि त्यो निःशुल्क गर्नुपर्नेमा जोड दिए।

विद्युतबाट पनि देशमा आर्थिक रूपान्तरण गर्न सकिने बताउँदै उनले त्यसका लागि सरकारले चाँडै काम गर्नुपर्ने बताए । वर्तमान सरकारबाट जनतासँग गरेको प्रतिबद्धता पुरा नभएको बताउँदै उनले यसमा सरकार गम्भीर हुनुपर्ने बताए।

## ठगी मद्दामा फरार दुई प्रतिवादी पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका दुई जना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१६ का २९ वर्षीय वीर नारायण चौरसिया र सोही स्थानका २४ वर्षीय राज नारायण चौरसिया रहेका छन् । पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईका अनुसार दुवै जनालाई वीरगञ्ज-१६ स्थित इनर्वा क्षेत्रबाट पक्राउ गरिएको हो।

प्रहरीका अनुसार ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा अदालतले दुवै जनालाई जनही १९ वर्ष कैद र कुल १ लाख ९० हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो। फैसला कार्यान्वयनका क्रममा उनीहरू फरार रहेका थिए।

फरार प्रतिवादीको खोजीका क्रममा वडा प्रहरी कार्यालय विर्ताबाट प्रहरी निरीक्षक विक्रम सुवेदीको कमान्डमा खटिएको टोलीले विशेष सूचनाका आधारमा निगरानी तथा खोजतलास गरी उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ अवसरले कार्यशैलीमा उत्साह थप्नेछ।
वृष : लामो समयदेखि अड्किएको कामले निकास पाउनेछ।
मिथुन : बौद्धिक छलफलमा तपाईको भनाइको कदर हुनेछ।
कर्कट : मेहनतको नतिजाले मनमा सन्तुष्टि दिलाउनेछ।
सिंह : नेतृत्व क्षमता देखाउने राम्रो अवसर प्राप्त हुनेछ।
कन्या : सोचेका योजनाहरु विस्तारै सफलता तिर अघि बढ्नेछन्।
तुला : कला र सिर्जनात्मक काममा सोचेजस्तै सफलता मिल्नेछ।
वृश्चिक : तपाईको कार्यक्षमताको चौतर्फी कदर हुनेछ।
धनु : अध्ययन र ज्ञान वृद्धिमा दिन फलदायी रहनेछ।
मकर : जिम्मेवारी बढेपनि काम सफलतापूर्वक सम्पन्न हुनेछ।
कुम्भ: अधुरा कामहरु पूरा गर्ने मौका मिल्नेछ।
मीन: आम्दानीका बाटोहरु फराकिलो बन्ने छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रिय टेकराज ! तिमीलाई बिदाइ होइन, बस् सम्मान...

कालिका खड्का

काठमाण्डु । प्रिय श्रीमान् 'जी' !

पशुपतिनाथमा यतिका धेरै मानिस भेला भएर तिमीलाई 'बिदाइ' गरे भन्ने लाग्यो होला । सायद देख्यौ होला तिमीले । कृपया त्यस्तो नठान । किनभने उहाँहरू तिमीलाई सदाका लागि बिदाइ गर्न होइन, उहाँहरू त तिम्रा सत्कर्मको सम्मानमा भेला हुनुभएको हो । परिवारजन, आफन्त, साथीभाइको समूह, सबै ।

आफ्नो ज्यान नै जोखिममा राखेर धेरैलाई जीवन दियौ तिमीले । पत्रकारितालाई भन्ने गरिएको आवाजविहीनहरूको आवाजको एक सच्चा पहरेदार तिमी थियौ । त्यसैले त कहिले मिटरब्याज पीडितको साथमा उभियौ त कहिले सहकारी पीडितको आँसु लेख्न । प्राकृतिक विपद् पीडितहरूका कथा र व्यथा धेरै लेख्यौ र आफ्नो लेखनीमार्फत् उनीहरूका लागि न्यायको याचना गरिदिन कहिल्यै पछि परेनौ । म नै साक्षी हुँ, पीडा भोग्न नसकेर रुँदै तिमीलाई फोन गर्नेहरू धेरै हुन्थे । पीडितले भक्कानिएका स्वरले न्यायका लागि समाचार लेखिदिन अनुरोध गर्ने गरेका आवाजहरू मेरो मन-मस्तिष्कमा अहिले पनि ताजै छन् ।

तर...। भोटेकोशी बाढीको मुखमा परेर तिमी विलय हुँदा तिम्रा लागि हामी रोएको तिमीले सुनेनौ । तिमीलाई बाढीले कति हिर्कायो, लुछ्यो, कति दुख्यो होला । कसरी सास त्याग्यौ होला ? तिम्रो त्यो पीडालाई कल्पना गर्न पनि सक्दैनौँ । तिमीलाई त सास त्यागेपछि पीडा सकियो होला, मेरा लागि यो पीडा जीवनभर सकिने छैन ।

तिमीले साँच्चै, पत्रकारितामार्फत निमुखाको आवाज बोलेका कथाहरू अनगिन्ती छन् । दुई दशकको पत्रकारितामा तिमीले समाज र राष्ट्रका लागि जति जे गर्न सक्यौ नि, त्यो पूरै जिन्दगीमा दिएको योगदानभन्दा बढी छ । अथाह छ । तिमीले जीवन दिएकाहरूले सदा सम्झने छन् ।

'जिउँदा मान्छेहरूलाई इँटाभट्टामा जलाउने' अफ्ताव आलमसम्बन्धी समाचार लेख्दा ज्यानको बाजी राखेर रौतहट पुगेका थियौ । त्यत्रो जोखिममा रिपोर्टिङ गरेको सम्झँदा अहिले पनि मेरो आङ सिरिङ्ग हुन्छ । एउटा पत्रकारको यतिसम्म आँट र हिम्मत देखेर उत्तिकै गर्व लाग्छ । सायद मेरो भागमा त्यो काम आइपरेको भए मेरा खुट्टा काँप्थे होलान् । त्यस्तो परिस्थितिमा मेरो मात्र होइन, धेरै पत्रकारको खुट्टा काँप्थे होलान् ।

तिमीले दाहसंस्कारमा 'नो डिस्काउन्ट'सम्बन्धी समाचार तयार गर्दा कोभिड-१९ को कहालीलाग्दो समय थियो । सरकारले सबैलाई घरमा बस्न अपिल गरेको थियो । तर, तिमीले पशुपति घुम्न जान्छु भनेर निस्कँदा जुन दृश्य देखेर समाचार तयार गर्‍यौ । त्यो परिवारका लालाबालाले त जीवनमा सास फेर्न पाए । नयाँ जीवन पाए नै ।

धेरै असहाय, विपन्नले अहिले निःशुल्क दाहसंस्कार गर्न पाएका छन् । ती स्मृतिहरू ताजै छन् । तिमी आफैँ पनि पशुपति बेलाबेलामा जान्थ्यौ । अस्पतालमा उपचार गर्दागर्दै पैसा सकिएर दाहसंस्कार गर्न पैसा नभएकालाई तिमीले धेरैलाई सहयोग गर्थ्यौ । आफ्नो खातामा पैसा नभएको बेला 'यो क्युआरमा पैसा हाल्देउ न' भनेर मलाई बेलाबेला भनिरहन्थ्यौ । तिमीलाई मन्दिर जाँदा पैसा धेरै साटेर लैजानुपर्थ्यो । सकेसम्म सबैलाई दिनुपर्ने तिम्रो बिर्सनै नसकिने बानीहरू ताजै छन् । कतिले तिमीलाई टेकराज भनेर नचिने पनि सहयोग गरिरह्यौ ।

सधैँ खोज, अध्ययन, अनुसन्धान गरेर मात्रै समाचार तयार गर्ने तिम्रो बानीबाट मैले पनि सिकेको छु । भूकम्प, कोभिड, बाढीपहिरो, डुबानदेखि ट्रोनाडोसम्मका प्राकृतिक दुःख कष्ट आइपर्दा आफैँ अघि सरेर गइहाल्थ्यौ । आफ्नो अफिसबाट 'यसो गरुँ' भनेपछि जतिबेला पनि 'नो' नभन्ने, कामप्रति ज्यादै इमानदार कलमजीवी मान्छे तिमी ।

कोभिड-१९ को सङ्क्रमण फैलिरहेको अत्यन्तै त्रासको बेलामा विदेशबाट पहिलो पटक नुवाकोटमा कोभिड सङ्क्रमणबाट मृत्यु भएको शव आयो भन्ने खबर आयो । दिउँसोको २:०० बजे हाराहारीको समय थियो । तिमी घरमै थियौ । नयाँ पत्रिकाबाट फोन आयो । 'टेकराजजी, तपाईँ नुवाकोट रिपोर्टिङ गर्न जानुपर्ने भयो ।' पहिलो शब्दमै 'हुन्छ' भनेर स्वीकृति दियौ । 'हुन्छ' मात्रै भनेनौ, तत्काल एउटा झोलामा ल्यापटप, चार्जर हालेर हिँडिहाल्यौ । 'बाटोमा ढिला हुन्छ, खाजा खाएर जाऊ' भन्दा पनि हिँडिहाल्यौ । झमझम पानी परिरहेको थियो । बाइकमा चिप्लो बाटो राति १०:०० बजेतिर पुगेको खबर गरायौँ ।

त्यहाँ पुग्दा कोभिड लिएर काठमाडौँबाट आएको भनेर कसैले बास दिएनन् रे । त्यो कहालीलाग्दो समयमा त्यो रातिको अवस्था कस्तो भयो होला ? भोक प्यासको त कुरै भएन । बस्ने बास छैन । यस्ता धेरै घटनाहरू रिपोर्टिङका समयमा तिमीले भोग्यौ । 'नयाँ पत्रिका'ले मात्र होइन, यति इमानदार, कर्तव्यनिष्ठ, यतिसम्म बफादार पत्रकार फेरि नेपाली मिडियाले पाउला कि नपाउँला ! कामप्रतिको मोह पनि त्यतिकै असाध्यै लोभलाग्दो थियो । काम गर्दै जाँदा रातिको १/२ बजेको पनि पत्ता नपाउने । आफ्नो काम नसकेसम्म गरिरहने । पदप्रतिको मोह कत्ति पनि थिएन । पैसाप्रतिको मोह पनि कहिल्यै



देखिन । पैसा आवश्यकता हो तर ठूलो कुरा होइन, मानिसमा इमान चाहिन्छ, पत्रकारिता पेसामा त अझै धेरै इमान चाहिन्छ भन्थ्यौ । कसैले समाचार लेख्दा पैसाको प्रलोभन देखाउँदा 'तपाईं गलत ठाउँमा आउनुभएछ, कृपया जानुस्' भनेर नयाँ पत्रिका कार्यालयबाट पठाएको कुरा मलाई सुनाएको धेरै महिना बितेको छैन ।

पैसाको कमी तिमीलाई थियो होला तर कहिले पनि आफ्नो इमान छाडेनौ । जतिसुकै जोखिमको रिपोर्टिङमा जान पनि मैले रोकिन । मलाई सधैँ लाग्थ्यो र लाग्छ, 'हरेक मानिस स्वतन्त्र हुन्छ, जीवनसाथीका रूपमा मैले तिम्रो स्वतन्त्रता खोस्न मिल्दैन, श्रीमानप्रतिको मेरा धारणा सुनेर मेरा साथीहरू पनि अनौठो मान्थे । मैले सदा तिम्रो काममा साथ दिएँ किनकि तिमी सत्कर्ममा थियौ । सत्मार्गमा थियौ । सत्यको पक्षमा न्याय मिल्ने गरी कलम चलाउँथ्यौ ।

प्रिय जी ! तिमीलाई मैले मायाले बोलाउने नाम थियो । 'जी' तिमी इमानको अर्को नाम हौ । तिमीले मेरो काम, मेरो पढाइमा त्यति सहयोग गर्‍यौ । कहिलेकाहीँ मलाई यस्तो मान्छे पनि हुँदो रैछ भन्ने लाग्थ्यो । दुवै जना पढ्दै गरेका विद्यार्थी, भर्खरै 'करिअर' सुरु गरेका । ब्याचलर सकेपछि विवाह भएको थियो । न परिपक्वता, न पढिसकेको, न राम्रो जागिर । त्यतिकैमा हाम्रो दुःखलाई मेटाउने खुसीको बहार लिएर छोरी जन्मिई । दुवै जना पत्रकारितामा स्नातकोत्तर भर्ना गर्ने तयारीमा थियौँ तर छोरी कसले हेर्ने भन्ने प्रश्न आयो । तिमीले भन्थ्यौ, 'तिमी पहिला पढ, म छोरी हेर्छु, अनि म पढुँला ।' मेरो पढाइ सकेपछि तिमीले स्नातकोत्तर गर्‍यौ । तिमीले मेरो काममा साथ नदिएको कुनै पल थिएन । मैले गर्छु भनेको काममा अवरोध गरेको कुनै सम्झना छैन । पलपलमा तिम्रो साथ थियो । 'जी' तिमीलाई बिर्सिने कुनै ठाउँ नै छैन ।

'जेनजी' आन्दोलन (२०८२ भदौ २३) को दिन नयाँ बानेश्वरको संसद् भवन अगाडि रिपोर्टिङमै थियौ । निषेधाज्ञा तोडियो । गोली चल्यो, पत्रकारलाई पनि गोली लाग्यो भनेपछि मैले त्यहाँबाट विस्तारै निस्क भनेँ । ' पत्रकार भएर डराएर हुन्छ ?' भनेर त्यहाँबाट निस्किनै मानेनौ । मैले फेरि धेरैपटक त्यहाँबाट निस्किन अनुरोध नै गरेँ । अनि बल्ल त्यहाँबाट हिँडेका थियौ । डर भन्ने अलिकति पनि नभएको निडरपनको पत्रकार, अदम्य साहसको प्रतीक हौ तिमी । साँच्चै, मलाई र छोरीलाई तिम्रो बानी देखेर धेरै अचम्म लाग्थ्यो । पत्रकार भएर डराउनु हुँदैन भन्ने तिम्रो दृढ मान्यता थियो । त्यही कुरा सायद प्रकृतिलाई पनि मन्जुर भयो ।

'जी' तिमीले साँच्चै सास फेर्न गाह्रो भएकालाई सास दियौ । बेसाहाराहरूको सहारा बन्यौ । सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिका दैनिकमा लामो समय काम गर्दा कैयौँ समाचार लेख्यौ । तिमीले समाचारका लागि समाचार होइन, न्याय, सुशासन र आवाजविहीनहरूको आवाज उठायौ । पत्रकारिताको इतिहासमा तिम्रो हिम्मत र साहसको सदा उच्च सम्मान र स्मरण हुनेछ ।

तिमी अब्बल पत्रकार मात्र होइन, तिमी कुशल शिक्षक थियौ । विद्यार्थीलाई पढाउँदा तिमीले जीवन दर्शन दिनुपर्छ भन्थ्यौ । छोरी 'बाबा मेरो स्कुलमा शिक्षक भएर आउनुस्' भनिरहन्थिन् । सरस्वती क्याम्पस, बागीश्वरी क्याम्पस र समृद्धि क्याम्पसमा पढाउँदा सधैँ विद्यार्थीलाई पुस्तकको ज्ञान मात्र होइन, जीवनमा असल नागरिक बन्ने कलासमेत पढाउँथ्यौ । एउटा असल शिक्षकले सयौँ विद्यार्थीलाई असल नागरिक बनाउन सकिन्छ भनेको हिजोजस्तो लाग्छ । तिमीले विद्यार्थीलाई पढाउने प्रस्तुतिहरू कम्प्युटरमा तिम्रै प्रतीक्षा गरिरहेका छन् ।

कुशल पत्रकारिता र असल शिक्षक मात्र होइन, तिमी आफ्नो मातृभाषा थामी भाषामा पनि निकै निपुण थियौ ।

गोरखापत्रमा थामी भाषाको पृष्ठ संयोजक, थामी भाषाको पुस्तक लेख्ने, विद्यालयको पाठ्यक्रम तयार गर्ने, भर्खरै कक्षा चारको थामी भाषाको पुस्तक तयार गरेर पढाउन सुरु गरेका थियौ । नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामीसँग 'अब त थामी भाषाको पाठ्यपुस्तक लेख्न मलाई आइडिया आयो, म अरू किताब लेख्न सक्छु' भनेर खुसीले फोनमा कुरा गरेको अस्तिजस्तो लाग्छ तर तिम्रो हातले थामी भाषाको पुस्तक चार कक्षासम्म मात्र लेख्न भ्याए । आफ्नो भाषाको खम्बा सम्पर्कविहीन भएपछि नेपाल थामी समाजमा बेचैन भएको तिमीलाई थाहा भयो कि भएन ?

तिम्रो पिएचडी गर्ने धोको थियो । एउटा पुस्तक प्रकाशन गर्ने अन्तिम तयारी थियो । दसैँसम्म सक्छु भनेर लेखिरहेका थियौ । एउटा गाडी किनेपछि घरको पार्किङ पूरा हुन्छ भन्थ्यौ । सायद तिम्रा अधुरा सपना धेरै थिए । हरेक महिना पहिलो शनिबार परिवार नै 'ट्रेकिङ' जाने योजना बनाएका थियौ । त्यो योजना सुरु नै नभई अन्त्य भयो । प्रकृतिले यति क्रूर रूप देखाउला र तिमीलाई ' अइया' भन्न समेत नदेला भन्ने कल्पनै भएन । सुन्दर भविष्य र सपनाहरू बोकेर हिँडेको एउटा कञ्चन मान्छेलाई अकल्पनीय रूपमा प्रकृतिले आफैँसँग लियो ।

प्रिय जी ! तिमीलाई लाग्यो होला । मलाई यति कष्ट पर्दा मेरी श्रीमतीले खोजिनन् भनेर । त्यो सत्य होइन । मैले खोजेर भेटिने भए, मैले मेरो पूरै ज्यान दिन्थेँ । भदौ १० गते बुधबार बिहान 'साउथ एसिया रिसर्च सेन्टर इन सउथवेस्ट चाइना' का आयोजक बिहान ७:०० बजे मितेरी पुलमा चिनियाँ साथी लिन आउने कुरा थियो । मलाई लाग्यो, बिहान आयोजकले लिएर जानुभयो । चीनतर्फ फोन लाग्दैन । हिमपहिरोपछि बत्ती नभएर इन्टरनेट उपलब्ध हुन सकेन । फोन म्यासेजको प्रतीक्षा गर्दागर्दै त्यो दिन बित्यो । भोलिपल्ट बिहान लिन आउने स्थान रसुवागढी पुल नै भएको भन्ने बोध भयो तर लगत्तै पत्रकार अन्वेषण अधिकारीलगायतले अनलाइन देखेको भन्ने भयो । सम्पर्कमा तिमी आउँछौ भन्ने विश्वास भयो ।

जी ! तिम्रो बानी फेरि अनौठो थियो । केही गरी एक/दुई घण्टा सम्पर्कमा म आउन सकिनँ भने तिमी आत्तिन्थ्यौ तर तिमी काममा गएका बेला काम सकेर विस्तारै एक/दुई दिनमा विस्तारै सम्पर्कमा आउँथ्यौ । यसपालि पनि मलाई यस्तै लाग्यो । तिमी सम्पर्कमा आउँछौ भन्ने ढुक्कमा थिएँ म । प्रतीक्षा गर्दागर्दै दिन बित्यो, रात बित्यो तर फोन म्यासेज केही आएन । लिन आउने आयोजक पनि बुधबार बिहान ८:१९ पछि अनलाइन देखिएनन् । शुक्रबार थाहा भयो कि तिमीले कसैलाई फोन गर्न भ्याएकै थिएनौ । मोबाइलको सिम ट्र्याकिङ गरेर हेर्दा रसुवागढी बोर्डरमै ८:२१ मा तिमीलाई देखायो । बिहान ८:४० मा हिमपहिरो आयो । त्यसले यति क्रूर रूप देखायो कि तिमीलाई एक पल केही सोच्नै दिएन ।

तिमीलाई खोज्ने क्रममा परराष्ट्र मन्त्रालय पुगेर नेपाल-चीनको सीमाको अध्यागमन इन्ट्री र पास भए/नभएको हेरेँ । पास भएको नामावलीमा तिम्रो नाम कहीँ देखिएन । मानसरोवर जाने र लाङटाङ जाने ६/७ सय मानिस लाइनमा थिए भन्ने जानकारी प्राप्त भयो । हुन त तिमीसँग अघिल्लो दिन बेलुका कुरा हुँदा भनेका थियौँ, मानसरोवर जानेको धेरै भीड छ भनेर तर मैले त्यतिसम्म भीड होला अनि, प्रकृतिले त्यतिसम्मको क्रूरता देखाउला भन्ने अनुमान नै भएन ।

चिनियाँ दूतावासमार्फत् खोजिदिन अनुरोध गरेँ । सञ्चारमन्त्रीले फोन गर्नुभयो । गएर कुराकानी गरेँ । खोज्नका लागि कहाँकहाँ पुग्नुपर्ने हो, सबै ठाउँमा पुगेँ । तर तिमीलाई खोज्न सम्भव नभएको सुनेपछि धेरै दिन म मुर्छित भएँ । मलाई असाध्यै सहनै नसक्ने पीडा भयो । मलाई एक प्रकारले निरीह महसुस भयो । म मात्रै होइन भाइ (देवर) विदेशबाट आएर नेपाली सेनाको हेलिकप्टरमा खोज्न भनेर रसुवा-नुवाकोट निस्किनुभयो । हाम्रा भाइहरू अस्पताल अस्पताल धाए तर तिमीलाई कहीँ भेट्न सकेनन् । हार खाएर बेपत्ताको सूचीमा फोटो टाँसेर भक्कानिँदै खाली हात फर्किए ।

तिमीलाई लाग्यो होला जी ! तिमी हराएपछि विक्षिप्त तिम्रो श्रीमती मात्रै भइनँ, तिम्रो छोरी, तिम्रो बाबुआमा, परिवार सबै आँसुको तलाउमा डुबे । तिमीलाई माया गर्ने कसैको आँखा ओभानो थिएन । तिमीले पढाउने कलेजका शिक्षक, विद्यार्थीले सकुशल भेटियोस् भनेर प्रार्थनासभा नै गरे । तिमीले अँगालेको पत्रकारिता क्षेत्र, सिङ्गै देश शोकमा डुब्यो । तिम्रो उपस्थिति नहुँदा तिम्रो सम्मानमा सबै एक ठाउँमा उभिनुभयो । त्यो तिम्रो सिङ्गो जीवनको कमाइ हो जी ! तिमी दुःखी नहुनु । तिमीले आफ्नो जीवनकालमा जति जे गर्न भ्यायौ । समाजका लागि, राष्ट्रका लागि दिएर गयौ । तिमी देशलाई माया गर्ने एउटा असल नागरिक हुनुका नाताले आफ्नो कर्तव्य सफलतापूर्वक निर्वाह गर्‍यौ ।

तिम्रो खबरको प्रतीक्षामा दिनरात जुट्दाजुट्दै झण्डै महिना बित्न लाग्यो । सबैले तिमीलाई प्रकृतिले लिएको कुरा स्वीकार गर्न अनुरोध गर्नुभयो । सबैले मलाई बलियो हुनुपर्छ भन्नुभयो । यसरी जीवन चल्दैन भन्नुभयो । कसरी ? म आफैँले आफैँलाई पटकपटक प्रश्न गरेँ तर, म प्रयास गरिरहेकी छु । किनकि हाम्रो सहयात्रा सुरु भएदेखि नै 'मेरो श्रीमती सक्षम छिन्, मलाई केही भइहाल्यो भने पछि बच्चालाई राम्रोसँग हेर्छिन् भन्थ्यौ, तिमी मेरो श्रीमती मात्रै होइन, आमा हौ, देवी हौ, सबैथोक हौ भन्थ्यौ ।'

श्रीमतीलाई मात्रै होइन, स्त्रीजातिप्रति तिम्रो विशेष सम्मान थियो । महिलाहरू आत्मनिर्भर हुनुपर्छ । सक्षम हुनुपर्छ भनिरहन्थ्यौ । तिम्रो साथ, आँट, भरोसा, माया र विश्वास सायद मेरो जीवनको खुट्टा टेक्ने बलियो आधार तयार भएको छ । तिमी सधैँ स्वाभिमानी भएर, खुसी भएर शीर ठाडो बनाएर हिँड्नु भन्थ्यौ । तिम्रो हँसिलो अनुहार देख्नेबित्तिकै सबै दुःख भुल्छु भन्थ्यौ । केरुङ जानु केही दिनअघि मात्रै भनेका थियौ, 'देशमा अशान्ति छ, विश्वभरि नै केही न केही अशान्ति छ, मेरो घरमा मात्रै शान्ति छ भन्थ्यौ, त्यो शान्तिको नाम तिमी रहेछौ, तिमी हराएदेखि घर अशान्त छ ।' यो सबै सम्झिएर तिम्रो विश्वासमा म धुमिल हुन दिन सक्दिनँ । मैले बलियो हुनुपर्छ । खुट्टा टेक्नैपर्छ ।

तिमीलाई जहिले पनि म बिरामी हुँदा बढी दुख्थ्यो तर बिरामी तिमी बढी हुन्थ्यौ । तिमीलाई सधैँ म खुसी र सफल भएको हेर्ने मन थियो । श्रीमतीको खुसीमा तिमी मभन्दा धेरै खुसी हुन्थ्यौ । एउटा असल पति हौ तिमी । जीवनसाथीका रूपमा तिमी जतिको असल मान्छे मैले अरू कल्पना गर्न सक्दिनँ ।

जी ! तिमी असल पति मात्रै होइन, कुशल बाबु हौ । शुक्रबारको दिन तिम्रो अफिस बिदा हुने भएकाले छोरी आउने बाटोमा कुरेर बस्थ्यौ । उनलाई मनपर्ने खाना खुवाएर घुमाएर ल्याउँथ्यौ । बाबुछोरी खुब गफिन्थ्यौ । आमाले भनेको मान्नु, राम्रो पढ, असल मान्छे हुनुपर्छ आदि... भन्थ्यौ । तिमी हरेक क्षेत्रमा असाधारण व्यक्तित्वका धनी थियौ । तिम्रो सम्मान र सम्झनामा म सधैँ रोएर तिम्रो मप्रतिको भरोसालाई निराश बनाउन सक्दिनँ । मप्रतिको तिम्रो विश्वासलाई कमजोर बनाउन सक्दिनँ ।

तिमी एउटा निडर र साहसिक पत्रकार हौ । सधैँ पढिरहने, फिल्म हेरेर ठूलो स्वरले हाँस्ने, तिम्रो उपस्थितिले घर उज्यालो हुन्थ्यो । तिमी कहिले पनि नरिसाउने, हाँसिरहने शक्तिशाली सुन्दर व्यक्तित्वका धनी थियौ । तिमीले आफ्नो हरेक जिम्मेवारी कुशलतापूर्वक पूरा गर्‍यौ । जति बाँच्यौ, साँच्चै ढुक्कले बाँच्यौ । दुःख त मनमा थिए होलान्, तर देखाएनौ । सधैँ हाँसेर खुसी भएर बाँच्यौ । तिमीलाई कहिले पनि हतार नहुने । मलाई हतार हुँदा नि 'पछि गरौँला नि, काम बस न एकछिन' भन्थ्यौ । तर खै ! तिमीले प्रकृतिको केही बिगार गरेका त थिएनौ, तैपनि तिमीलाई लैजान धेरै हतार गर्‍यो ।

तिम्रो अत्यन्तै कोमल हृदय । परिवारलाई अत्यन्तै माया गर्ने स्वभाव, जीवनसाथीभन्दा पनि रमाइला साथी थियौ । भरपर्दो र विश्वासिलो, आमाको काखजस्तो, बाबुको काँधजस्तो कुशल अभिभावक थियौ । तिमीसँग बिताएका मेरा प्रत्येक पलहरू कति सुन्दर थिए । ती सबै म अहिले शब्दमा वर्णन गर्न सक्दिनँ । रिस र झगडा भनेको कहिले पनि तिमीमा देखिएन । मायाको अर्को नाम हौ तिमी ।

म अब तिम्रो अनुपस्थितिमा कसरी अघि बढ्छु थाहा छैन । तिमी छैनौ भन्ने विश्वास मेरो हृदयले अहिले पनि स्वीकार गरेको छैन । मेरो आँखाले तिमीलाई राम्रो, सकुशल वरिपरि देखिरहेको छ । सबैले छैनौ भनेपछि मैले बाध्यताले त्यसलाई स्वीकार गरेकी मात्रै हुँ । घरमा प्रत्येक पुस्तक तिम्रो प्रतीक्षामा छन् । तिमी बसेर पढ्ने कुर्सीले कुरिरहेको छ । तिमीले हाँसेको र बोलेको घरभरि गुञ्जिरहेको छ । तिमी छैनौ भन्ने आधार यहाँ केही पनि छैन...।

तिमी आउने बाटो हेरेको यतिका दिन बित्यो । तिमी यतिसम्म निर्दयी त पक्कै होइनौ । तिम्रो त्यो सरलपन कहिलेकाहीँ निर्दयी हुन सक्दैन तर समय नै निर्दयी भयो । तिमीलाई प्रकृतिको क्रूरताले आफ्नो अवस्थाबारे जानकारी दिने समय पनि दिएन किनकि प्रकृति तिम्रो बसमा थिएन । सायद, पूरै जिन्दगी सङ्घर्ष गरेर भर्खरै खुसीका पालुवा पलाएको प्रकृतिले देख्न सकेन । खुसीले सास फेरेको हेर्न सकेन ।

मेरो प्रिय जी ! तिमी जहाँ छौ खुसी रहनु । तिमीप्रतिको माया, प्रेम र भरोसा सदा उत्तिकै रहन्छ । तिमीले दिएको सत्कर्मको मार्गदर्शन र तिमीले मप्रति गरेको विश्वासमा म कहिल्यै आँच आउन दिने छैन ।

तिमी सम्पर्कविहीन भएपछिका मेरा असह्य पीडाका दिनहरूमा म कार्यरत अफिस रासस 'परिवार' भएर उभियो । परिवारको प्रत्येक सदस्यको मुहारमा कान्ति छैन । तिमी कार्यरत नयाँ पत्रिका मेरो अर्को 'परिवार' भएर उभियो । तिम्रा सहकर्मीहरू र पूर्वसहकर्मीहरू देशविदेशमा भएका सबै भावविह्वल हुनुभयो । तिम्रा 'सिनियर' र साथीहरू निःशब्द हुनुहुन्छ । सिङ्गो नेपाली पत्रकारिता स्तब्ध भयो । तिमी बेपत्ता भन्ने सुनेदेखि नेपाल थामी समाज पानीबिनाको माछाजस्तै मर्माहत भयो । सबै तिम्रो खोजी गर्नेदेखि मलाई आत्मबल दिने हरेक काममा साथ छन् । मेरा साथीहरू तिमी बेखबर भएदेखि मेरो वरिपरि खम्बा भएर उभिएका छन् ।

सबैले तिमी हराएपछि एउटा निडर र असल पत्रकारको कमी महसुस गरेका छन् । जी ! तिमी सबैको प्रिय पात्र हौ । महान पत्रकार हौ । आफ्नो सत्कर्मका कारण सबैका माझ तिमी अमर रहनेछौ । खुसी हुनु ! तिमीले देखेनौ जी ! तिमीलाई माया गर्ने हजारौँ मानिसहरू तिम्रो सम्मानमा उभिनुभएको छ । नेपाल पत्रकार महासङ्घले तिम्रो कर्मको स्मरण गर्दै कुशको शरीरमा महासङ्घको झण्डा ओडाएर सम्मान गरेको छ । महासङ्घ आफैँ पनि स्तब्ध छ ।

असह्य पीडाका दिनहरूमा हजारौँ मानिसहरू मेरो साथमा उभिनुभयो । सबै हुनुहुन्छ तर जी ! तिमी छैनौ । तिम्रो अनुपस्थितिमा हामी अपुरा, अपुरा भएका छौँ । तिमी मेरो हृदयको गहिराइमा बसेको पात्र हौ । म तिमीलाई कहिल्यै पनि 'बिदाइ' गर्न सक्दिनँ । हामी एकअर्कामा कहिले पनि टाढा हुँदैनौँ । हामीले बाँचेका हरेक पल ताजै छन् । तिमी मेरो जीवनको एउटा हिस्सा हौ । जुन प्रकृतिले पनि कहिले पनि खोस्न सक्दैन । मलाई तिम्रो पत्नी हुनुमा गर्व छ । सदा रहनेछ । तिमीप्रतिको मेरो सम्मान जीवनपर्यन्त रहनेछ ।

तिम्रो पृथ्वीमा रहँदाको सत्कर्मलाई इतिहासले सम्झनेछ । पुस्तौँपुस्ताले सम्झनेछन् । सबैलाई राम्रो देख्ने तिम्रा ती आँखा । सबैलाई माया र सम्मान गर्ने तिम्रो बानी । तिमीमा एक अद्भुत मानवता थियो । कसैले पनि तिम्रो अहिलेको अवस्थाबारे आँखाले देखेका छैनन् । तिमी कहीँकतै छौ भन्ने पनि अवश्य आउनेछौँ । त्यो आउने दिनसम्म बाटो हेरिरहने उही तिम्रो प्रिय पत्नी...। रासस

## भोटेकोशी बाढीका शव बोक्ने एम्बुलेन्स चालक सम्मानित

चितवन । भोटेकोशी बाढीले बगाएर चितवन ल्याएका शव नारायणी नदी किनारबाट भरतपुर अस्पतालसम्म ल्याउने र परीक्षणपछि व्यवस्थापन गर्न देवघाटसम्म पु ऱ्याउने एम्बुलेन्स चालकलाई सम्मान गरिएको छ ।

संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपाल (ट्रेड युनियन सङ्घ) जिल्ला शाखा चितवनले आज यहाँ आयोजना गरेको पाँचौँ साधारणसभा तथा अधिवेशनको अवसरमा चालकलाई सम्मान गरिएको हो । सो अवसरमा ६५ जना चालकलाई सम्मान गरिएको थियो ।

उहाँहरूलाई सम्मान गर्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विपद्मा एम्बुलेन्स चालकले निर्वाह गर्नुभएको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "शव उठाउन हामीले नेतृत्व गर्नुपर्नेमा अघिअघि एम्बुलेन्स चालक र हामी पछिपछि भयौँ ।" विपद्मा गरिने यस्ता कार्यको राज्य पक्षबाट मूल्याङ्कन हुनुपर्ने उहाँले बताउनुभयो ।

सङ्घका केन्द्रीय अध्यक्ष




नवराज लामिछानेले चालकहरूले नदीमा शव उठाउने, एम्बुलेन्समा राख्ने र झार्नेसम्मका काम गरेका बताउनुभयो । उहाँले भन्नुभयो, "तीन-चार दिनदेखि गन्हाइरहेका शव कुनै अप्ठ्यारो महसुस नगरी हामीले बोक्यौँ ।" कतिपय शव राख्ने ठाउँको अभावमा लामो समय एम्बुलेन्समा राख्नुपरेको उहाँले बताउनुभयो ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले विपद्मा चालकहरूले निर्वाह गर्नुभएको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । कार्यक्रममा चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, भरतपुर अस्पतालका साइदिप घिमिरे, सङ्घका जिल्ला अध्यक्ष कल्याण लामा, सचिव मिलन श्रेष्ठ, नेपाल ब्लड डोनर्स एसोसिएसनका अध्यक्ष अर्जुन अधिकारीलगायतले आआफ्नो धारणा राख्नुभएको थियो ।

यसैबीच अधिवेशनले सन्तोष केसीको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । भोटेकोशी बाढीको समयमा चितवनसहित धादिङ, नवलपरासी, तनहुँ, कास्की, नुवाकोटका एम्बुलेन्सले शव व्यवस्थापनमा खटिएका थिए । चितवनमा १३५ वटा एम्बुलेन्स सङ्घमा आबद्ध थिए । भोटेकोशी बाढीका सबैभन्दा बढी ३६९ वटा शव चितवनमा फेला परेका थिए । रासस

## निःशुल्क आँखा शिविरबाट १८७ जना लाभान्वित

वीरगञ्ज । पर्साको जगरनाथपुर गाउँपालिका-६ बहुअरीस्थित धर्मशालामा सञ्चालित निःशुल्क आँखा शिविरबाट १८७ जना लाभान्वित भएका छन् ।

आर्थिक रूपमा कमजोर समुदायका नागरिकलाई सहज रूपमा आँखा परीक्षण तथा उपचार सेवा उपलब्ध गराउने उद्देश्यले दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जागरण मञ्चले सामुदायिक आँखा केन्द्रको सहयोगमा शिविर आयोजना गरेको हो ।

मञ्चका अध्यक्ष वृजेश्वरप्रसाद चौधरीका अनुसार शिविरमा १८७ जनाको आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा मोतियाविन्दुको लक्षण



देखिएका ६३ जनामध्ये ३४ जनालाई औषधि तथा आँखा ड्रप उपलब्ध गराइएको थियो ।

मोतियाबिन्दुको समस्या देखिएका बिरामीको यही असोज १९ गते सोमबार वीरगञ्जस्थित सामुदायिक आँखा केन्द्रमा निःशुल्क शल्यक्रिया गरिने मञ्चले जनाएको छ । शिविरमा डा. महेशसिंह घामीले आँखा परीक्षण गर्नुभएको थियो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कठोर तर उल्लासको पर्व

मिथिलामा मनाइने पर्व तिहार मध्ये अत्यन्त कठोर मानिएको जितिया अब उल्लासको पर्व बनेको छ । विगतमा जितिया पर्व घरका अग्रज महिलाहरुले मात्र मनाउथे । क्रमिक रुपमा सन्तान भएका महिलाहरुले मनाउन थाले । हाल सन्तान नभएका महिलाहरुले पनि जितिया पर्व मनाउन थालेका छन् । पवित्र जलासयहरुमा जितिया पर्व मनाउनेहरुको भारी भीड हुने गरेको छ । जितियाको पहिलो दिन नहायखाय(माछ, मरुवा) को दिन जलासयहरुमा जितिया व्रतालुहरुको भारी भीड लाग्ने गर्छ । जितिया पर्वमा व्रतालुहरु अत्यन्त सावधान रहनु पर्छ । थुक समेत ननिल्ने र खर(घाँस) समेत नटिप्नेदेखि निर्जल व्रत जितियामा महिलाहरु बस्छन् । जितियाको कठोर तप कम्तिमा २४ घण्टा गरिन्छ । तिथि अनुसार कुनै वर्ष त्यो बढी पनि हुन्छ । जितिया पर्व सन्तान र पितृको लागि गरिन्छ । सन्तानको दीर्घायु र पितृको तृप्तिका लागि वर्त गरिन्छ । पितृलाई व्रतालुहरुले दही, च्यूरा र मिठा प्रसाद चढाउने गर्छन् । मधेशमा सन्तानको दीर्घायु, सुस्वास्थ्य र सुख-समृद्धिको कामना गर्दै मनाउने जितिया पर्वको व्रतमा महिलाहरुको सहभागिता मात्र रहन्छ । मिथिला-मधेशसहित थारू समुदायमा समेत विशेष महत्वका साथ मनाइने जितिया धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले महत्वपूर्ण पर्व हो । विभिन्न जातजाति र समुदायले आ-आफ्ना चाडपर्व, रीतिरिवाज तथा संस्कृतिमार्फत आफ्नो पहिचान कायम राख्दै आएका छन् । सन्तान प्राप्ति, सन्तानको दीर्घायु तथा सुस्वास्थ्य र सन्तानप्रतिको आमाको ममतासँग जोडिएको यो कठोर व्रत परापूर्वकालदेखि महिलाले मनाउँदै आएका छन् । शनिबार सप्तमी तिथिमा व्रतालुहरु निराहार तथा निर्जल व्रत बस्ने गर्छन् । व्रतको अघिल्लो दिन महिलाले बिहानै उठेर घर-आँगन लिपपोत गरी चोखो बनाउँछन् । पिना, तेल, घिरौलाको पात, जियलको पात, बाँसको पात र नयाँ लुगा लिएर महिला समूहमा पोखरी, नदी वा जलाशयमा पुग्छन् । त्यहाँ पिनाले स्नान गरी नयाँ लुगा लगाउने र पितृ तथा 'जिमुतवाहन' देवतालाई पिना र तेल चढाउने परम्परा रहिआएको छ । व्रतको पहिलो दिन व्रतालु महिलाले नदी, पोखरी वा तलाउमा स्नान गरी सूर्यदेवलाई तोरीको तेल र पिनाको अर्घ्य दिएर व्रतको संकल्प लिन्छन् । दिवंगत हजुरआमा, सासूआमालगायत तीन पुस्ताभित्रका नाता पर्ने पितृ महिलालाई तर्पण दिने परम्परा पनि छ । व्रत बसेको दिन बेलुकी घरमा रहेका छोराको संख्या अनुसार नरिवल, फलफूललगायत पूजाका सामग्री डालीमा राखिन्छ । डालीलाई छोराले मानको पातले छोपिदिने धार्मिक परम्परा रहेको छ । व्रतको समय पूरा भएपछि घरका छोरा वा नातिले डाली खोल्छन् । डालीबाट प्रसाद निकालेर पुनः पितृ तथा जिमुतवाहनलाई चढाएपछि प्रसाद सबैलाई बाँडिन्छ र त्यसपछि व्रतालु महिलाले पानी तथा अन्य खानेकुरा ग्रहण गर्छन् ।

# महत्वाकांक्षा, अवसरवाद र कांग्रेसको आन्तरिक राजनीतिको नियति



पुरुषोत्तम कर्ण

दिल के फफोले जल उठे सीने के दाग़ से,
इस घर को आग लग गई घर के चिराग़ से ।

उर्दूको यो पुरानो शेर नेपाली कांग्रेसको इतिहासका लागि नै लेखिएझैं लाग्छ । महललाई बाहिरको आँधीले भन्दा भित्रको दियोले बढी डढाउँछ, किनकि दियोलाई कसैले शत्रु ठान्दैन। उसलाई त उज्यालोको जिम्मा दिइन्छ ।

कांग्रेसमा त्यो जिम्मा प्रायः महामन्त्रीको काँधमा पर्छ । संगठनको साँचो, सभापतिको भरोसा र कार्यकर्ताको नाडी एउटै पदमा थुप्रिँदा त्यो पद कुर्सी नभएर गुलेली बन्छ । चरम महत्त्वाकांक्षाले यस्तो गुलेली पाएपछि निशाना पहिले सभापति हुन्छन्, त्यसपछि पार्टी, र अन्ततः व्यवस्था नै ।

लुई बोनापार्टको सत्ता-कब्जा नियालेर कार्ल मार्क्सले लेखेका थिएः इतिहास पहिलोपटक त्रासदी बनेर आउँछ, दोस्रोपटक प्रहसन बनेर । कांग्रेसको इतिहास यो सूत्रभन्दा एक कदम अगाडि पुगेको छ, जहाँ प्रहसन नै अर्को त्रासदीको पूर्वाभ्यास बन्छ । २०१७, २०४८-५१ र २०८२-८३ यही नाटकका तीन अंक हुन् ।

### पहिलो अंकः २०१७ र 'पञ्चायतकी आमा'

२०१७ पुस १ को 'कु' राजा महेन्द्रको नाममा दर्ता छ, तर त्यसको राजनीतिक नक्सा बीपीकै विश्वासपात्रको कलमबाट कोरिएको थियो। बीपीले डा. तुलसी गिरीलाई २०१५ मा पार्टीको महामन्त्री बनाए, अनि जनताको मतले होइन, महासभाको मनोनयनबाट पहिलो जननिर्वाचित सरकारको परराष्ट्रमन्त्री। जनमतमा विश्वास नगर्ने मान्छेलाई जनमतको सरकारको अनुहार बनाइनु आफैंमा एउटा पूर्वसंकेत थियो ।

संकेत क्रमशः बाक्लिँदै गए। हङकङमा भारत-चीनबीच मध्यस्थताको अनधिकृत घोषणापछि उनी परराष्ट्रबाट हटाइए । राजाको पश्चिम भ्रमणमा सवारीमन्त्री गिरीले नेपालगन्जको मञ्चमा राजाको भाषणको कागज खोस्ने जुन दृश्य देखाए, पुस १ पछि त्यो दरबार र महामन्त्रीको साझा नाटक प्रमाणित भयो । 'कू' भन्दा केही समयअघि नै उनको राजीनामा बीपीको टेबलमा पुगिसकेको थियो ।

पुस १ मा बीपी र मन्त्रीहरू पक्राउ परे। गिरी त्यस दिन कहाँ र कुन हैसियतमा थिए भन्नेमै विवरणहरू बाझिन्छन्, र त्यही अन्योल तिलस्मको आवरण थियो । केही दिनमै उनी राजाको मन्त्रिपरिषद्मा देखिए, र २०१९ चैतमा मन्त्रिपरिषद्का अध्यक्ष बने । 'पुस १ अघि नै दरबारसँग साँठगाँठ थिएन त?' भन्ने प्रश्नको उत्तर पछि उनी आफैंले दिएः कदमको योजना राजाले उनीसँगको परामर्शमै बनाएका थिए, मिति मात्र गोप्य थियो ।

यो एक व्यक्तिको विचलन थिएन, एउटा ढाँचा थियो । अर्का पूर्वमहामन्त्री विश्वबन्धु थापा पनि दरबारको खेमामा पुगे, र सबै दलमाथि प्रतिबन्धको निर्णय यी दुईकै आग्रहमा भएको उल्लेख पाइन्छ। अर्का महामन्त्री हृषिकेश शाहलाई राजाले राष्ट्रसंघमा पठाए; उनी कार्यसमितिको एउटा बैठकमा पनि गएनन् ।

तर दरबारले फल चाखेपछि बोक्रा फ्याँक्यो । उपयोगिता सकिएपछि गिरीभन्दा कनिष्ठ सूर्यबहादुर थापा मन्त्रिपरिषद्का अध्यक्ष बने । तिलस्मी महामन्त्रीको नियति यही होः कब्जा उसले गराउँछ, शासन अर्कैले गर्छ ।

### दोस्रो अंकः २०४८-५१ को 'अन्तर्घात'

तीस वर्षको पञ्चायती रातपछि लोकतन्त्र फर्कियो, तर कांग्रेसको घरभित्रको दियो उस्तै रह्यो। २०४८ वैशाख २९ को पहिलो आमनिर्वाचनमा पार्टीले बहुमत ल्यायो, तर बहालवाला प्रधानमन्त्री तथा कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई काठमाडौं-१ मा मदन भण्डारीसँग ७५१ मतले हारे। जनादेश कांग्रेसको भयो, कुर्सी तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाको । 'अन्तर्घात' शब्द कांग्रेसी शब्दकोशमा स्थायी रूपमा त्यही दिन दर्ता भयो ।



दोस्रो दृश्य झन् नाङ्गो थियो। २०५० माघको काठमाण्डु-१ उपनिर्वाचनमा सभापति भट्टराई मदनपत्नी विद्या भण्डारीसँग १,८२६ मतले पराजित भए। सत्तारूढ कांग्रेस सभापति र प्रधानमन्त्रीका खेमामा बाँडिएको थियो, र प्रधानमन्त्री पक्षबाट सभापतिलाई हराउने आशयको वक्तव्य सरकारी सञ्चारमाध्यममै आयो । जवाफमा भट्टराई समर्थकले प्रधानमन्त्रीको तस्बिरमा जुत्ताको माला लगाएर सडक घुमाए ।

तेस्रो दृश्यमा प्रहसन त्रासदीमा बदलियो । २०५१ असार २६ मा भट्टराई-गणेशमान पक्षका ३६ सांसद अनुपस्थित भए, र आफ्नै सरकारको नीति तथा कार्यक्रम फेल भयो। प्रधानमन्त्रीले सोही दिन आफ्नै दलको बहुमतको संसद् विघटनको सिफारिस गरे । अन्तर्घातको जवाफ अन्तर्घातले दिइयो, र दुवैको मूल्य जनादेशले तिर्‍यो ।

कात्तिक २९ को मध्यावधिले त्रिशंकु संसद् जन्मायो, र त्यहाँबाट सुरु भएको विघटनको खेलले संसदीय व्यवस्थाकै विश्वसनीयता खियायो । उपसंहार पनि उस्तै छः २०५६ मा किसुनजीकै अनुहार अघि सारेर कांग्रेसले फेरि बहुमत ल्यायो, तर वर्ष नबित्दै उनी पार्टीभित्रकै दबाबमा कुर्सीबाट हटाइए । लोकप्रिय कांग्रेसको निधारमा जनताले लगाएको प्रश्नवाचक चिह्न त्यहींबाट स्थायी भयो ।

### निराशाको व्यापार र भदौको आगो

तेस्रो अंकको पृष्ठभूमि एक दशक लामो छ । यस अवधिमा कांग्रेसभित्रै एउटा भाष्य हुर्कियोः पुराना सबै खत्तम, गठबन्धन पाप । तर गठबन्धनविरुद्ध गर्जनेहरूले चुनाव प्रायः त्यही गठबन्धनको भोटमा जिते, र कुनै खालको सरकारमा भाग लिन छाडेनन् । आलोचना मञ्चमा, भागबन्डा कोठामा ।

यो दोहोरो चरित्र रणनीति मात्र थिएन, निराशाको व्यापार थियो । यसको अर्थशास्त्र सरल छः पहिले संस्थाप्रति अविश्वास उत्पादन गर, त्यसलाई युवाको बजारमा बेच, अनि त्यसैको मूल्यमा आफ्नो उचाइ बढाउ । जब पार्टीकै पदाधिकारी आफ्नै घरलाई 'खत्तम' भन्छन्, युवाले त्यसलाई भित्री सूचना ठान्छन् । भदौ २३-२४ यही मनोवैज्ञानिक दोहनको उपज थियो ।

भदौ २३ को राज्य दमन निन्दनीय थियो, र त्यसको जवाफदेहिता खोजिनैपर्छ। तर २४ गते जे भयो, त्यो युवाको माग थिएन, मास हिस्टेरिया थियो। जाँचबुझ आयोगका अनुसार दुई दिनमा ७६ जनाको ज्यान गयो; २४ गते मात्रै ५४ जना, र ८५ अर्बको क्षतिको ठूलो हिस्सा त्यही दिनको हो । आन्दोलनकारीकै हातबाट २४ जना मारिए ।

संसद्, सिंहदरबार, अदालत र नेताका घर एकैदिन देशभर जल्नु भीडको स्वतःस्फूर्त रिस मात्र थियो भनेर पत्याउन गाह्रो छ । तर आयोगले त्यो दिनको गहिरो छानबिन गर्नै सकेन, र मानव अधिकार आयोगका सिफारिससहितका प्रतिवेदन सरकारी दराजमा थन्किएका छन् । सत्य थुनिँदा तिलस्म झन् बाक्लो हुन्छ ।

त्यो आगोको अग्रपंक्तिमा तत्कालै विजयी अल्गोरिदमले देखाइरहेका भाइरल प्रहसकहरू थिए। तर महाभारत सम्झनेले जान्दछन्, शिखण्डी ढाल हो, वाण अर्कैले चलाउँछ । मञ्चमा देखिने अनुहार र मञ्चको लजिस्टिक्स जुटाउनेबीचको फरक नबुझ्दासम्म भदौ २४ को रहस्य खुल्दैन ।

### तेस्रो अंकः 'विधिवत' कब्जा

भदौ २४ को आगोले कांग्रेसलाई पनि छोडेनः सभापति आफ्नै घरमा आक्रमणमा परेर गम्भीर घाइते भए। धुवाँ ननिभ्दै पार्टीभित्र विशेष महाधिवेशनको अभियान निर्णायक बन्यो, र पुस अन्तिम साता तत्कालीन एक महामन्त्री निर्विरोध सभापति र अर्का उपसभापति बने। निर्वाचन आयोग र सर्वोच्च अदालत दुवैले यसलाई वैध ठहर्‍याए ।

यहीं तिलस्मको कलात्मकता देखिन्छ। २०१७ मा राजाले संविधानकै आपत्कालीन अधिकार टेकेका थिए; २०५१ को विघटन पनि संवैधानिक प्रक्रियाबाटै भएको थियो। नेपालमा लोकतन्त्रको घाँटी प्रायः विधिकै पञ्जा लगाएर थिचिन्छ ।

विशेष महाधिवेशनका पक्षधरको तर्क कमजोर छैन । तत्कालीन सभापतिले बहुमत प्रतिनिधिको माग र नियमित महाधिवेशन दुवै टारेका थिए, र सर्वोच्चले यसलाई उनकै दायित्व-विमुखताको परिणाम मान्यो। तर राजनीतिमा वैधताको मात्र होइन, समयको पनि नैतिकता हुन्छः हत्याकाण्डको धुवाँ ननिभ्दै, सभापतिको घाउ ताजै हुँदा, किन? देउवा पक्ष यही प्रश्नलाई दाबी बनाएर छुट्टै महाधिवेशनको तयारीमा छ ।

नियतिले आफ्नो हिसाब छिट्टै देखायो। फागुन २१ को चुनावमा कांग्रेस ८९ सिटबाट ३८ मा झर्‍यो, इतिहासकै सबैभन्दा ठूलो पराजय । नवनिर्वाचित सभापति स्वयं परम्परागत गढ सर्लाही-४ मा हारे, नयाँ महामन्त्रीद्वयसहित धेरै पदाधिकारी पनि । जसको मेसोमा पार्टी कब्जा गरियो, त्यसको फल भाइरल लहरले खायोः नयाँ शक्तिले २७५ मध्ये १८२ सिट जित्यो ।

ठ्याक्कै २०१७ जस्तैः कब्जा गराउने महामन्त्री, शासन गर्ने अर्कै। आजको राजनीतिक परिदृश्यको आसन्न कारण भाइरल लहर होला; तर मुख्य कारक प्रवृत्ति त्यो हो जसले आफ्नै घरको जग वर्षौंसम्म खियायो, संकटको मेसोमा साँचो खोस्यो, र अन्त्यमा घर रित्तो छोड्यो। यसलाई भदौ २४ का प्रायोजकलाई दिइएको मानसिक लजिस्टिक्स भन्नु अतिशयोक्ति लाग्ला, तर भाष्य उनीहरूको, मेसो आन्दोलनको र फल पार्टी कब्जा हुनुलाई संयोग मात्र भन्नु झन् ठूलो भोलापन हुनेछ ।

### महल, दियो र प्रश्नचिह्न

तीनै अंकमा पात्र फेरिए, पटकथा फेरिएन । २०१७ मा महामन्त्रीले दरबारलाई ढोका खोलिदिए। २०४८-५१ मा महामन्त्रीबाट प्रधानमन्त्री बनेका नेता र उनका प्रतिद्वन्द्वीको अन्तर्घातले जनादेशलाई मध्यावधिमा धकेल्यो । २०८२-८३ मा महामन्त्रीहरूले संकटको मेसोमा पार्टी हात पारे, र पार्टी नै हराए । हरेक पटक दियो महलकै थियो, आगो पनि महलकै भागमा पर्‍यो ।

फरक यत्ति हो, यसपटक दाउमा कांग्रेस मात्र छैन। संविधान र त्यसले टेकेको बहुदलीय प्रतिस्पर्धाको जग नै परीक्षामा छ, किनकि पुराना दलको विश्वसनीयता ढल्दा खाली ठाउँ लोकतान्त्रिक संस्थाले होइन, भाइरल लोकप्रियतावादले भर्दैछ। २०१७ मा दलहरूलाई प्रतिबन्ध लगाउन राजा चाहिएको थियो, आज तिनलाई अप्रासंगिक बनाउन अल्गोरिदम नै काफी छ ।

असोजमा कांग्रेस १५औं महाधिवेशनको सँघारमा छ, तर दुई समानान्तर दाबीमा बाँडिएर । महाधिवेशनले नेतृत्व त चुन्ला, तर इतिहासको प्रश्नको जवाफ दिँदैन । त्यसका लागि भदौ २३-२४ का सबै प्रतिवेदन सार्वजनिक गरी २४ गतेको विध्वंसको स्वतन्त्र छानबिन माग्ने साहस चाहिन्छ, ताकि थाहा होस्ः को आन्दोलनकारी थिए, को प्रायोजक, र को तिलस्मी।

२०१७ को तिलस्मले लोकतन्त्रलाई तीस वर्ष थुन्यो । २०५१ को अन्तर्घातले जनादेशमाथि स्थायी प्रश्नचिह्न लगायो। आजको तिलस्म कति महँगो पर्छ, त्यो कांग्रेसले आफ्नै घरको दियो चिन्ने आँट गर्छ कि गर्दैन भन्नेमा भर पर्छ । नत्र शेरको पहिलो पंक्ति पनि सत्य हुनेछः छातीका पुराना दाग नै फेरि फफोला बनेर बल्नेछन् ।

# क्यान्टिनका आवाराका अध्यक्षलाई के सम्बोधन गर्ने?



केपी शर्मा ओलीको राजनीतिक यात्रा लामो संघर्ष, जेलजीवन र निरन्तर राजनीतिक सक्रियताबाट बनेको यात्रा हो। झापाको राजनीतिक परिवेशबाट राजनीतिक चेतना र आन्दोलनमा प्रवेश गरेका ओलीले कठिन राजनीतिक समय पार गर्दै राष्ट्रिय राजनीतिमा आफ्नो स्थान बनाए। लामो राजनीतिक यात्रापछि उनी नेकपा एमालेको शीर्ष नेतृत्वमा पुगे, पार्टी अध्यक्ष बने र पटक-पटक प्रधानमन्त्रीको जिम्मेवारीसमेत सम्हाले। नेपाली कम्युनिस्ट राजनीतिमा उनको भूमिका लामो र प्रभावशाली रह्यो। त्यसैले ओलीको राजनीतिक योगदान र प्रभावलाई नेपालको समकालीन राजनीतिक इतिहासबाट अलग गरेर हेर्न सकिँदैन। तर लामो समयसम्म पार्टी र सरकारको नेतृत्व गरिसकेका नेताको मूल्याङ्कन गर्दा उपलब्धिसँगै उनका निर्णय, नेतृत्वशैली, पार्टीभित्रका विवाद, विभाजन र राजनीतिक जिम्मेवारीको पनि समीक्षा गर्नुपर्छ। एउटा नेता कुनै पदमा जति लामो समय रहन्छ, त्यति नै उसले आफूभन्दा बलियो संस्था निर्माण गर्ने र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने जिम्मेवारी पनि लिनुपर्छ। यही सन्दर्भमा आज एउटा गम्भीर प्रश्न उठेको छ–केपी ओलीले पार्टीको नेतृत्व हस्तान्तरण गर्ने समय धेरै अघि नै आइसकेको थिएन र?

### 'क्यान्टिनका आवारा' : आफ्नै कमरेडलाई यस्तो सम्बोधन किन?

पार्टी कार्यालयको क्यान्टिनमा बसेर नेतृत्व परिवर्तनको बहस गर्ने आफ्नै पार्टीका नेता-कार्यकर्तालाई 'क्यान्टिनका आवारा' भनेर सम्बोधन गरिएको विषय अहिले नेपाली राजनीतिमा चर्चाको विषय बनेको छ। एक पटक प्रधानमन्त्री भइसकेका, लामो समय पार्टी नेतृत्वमा रहेका र आफ्नै सहकर्मीहरूसँग दशकौं राजनीतिक यात्रा गरेका नेताले फरक मत राख्ने आफ्नै कमरेडहरूलाई यस्तो शब्द प्रयोग गर्नु केवल एउटा भाषणको वाक्य होइन; यो नेतृत्वले असहमतिको आवाजलाई कसरी ग्रहण गर्छ भन्ने गम्भीर राजनीतिक प्रश्न हो। पार्टी अध्यक्षको आलोचना गर्नु अपराध होइन, नेतृत्व परिवर्तनको माग गर्नु अराजकता होइन र फरक मत राख्नु पार्टीविरोधी गतिविधि होइन। लोकतान्त्रिक पार्टीको शक्ति त्यहाँ हुन्छ जहाँ कार्यकर्ताले अध्यक्षलाई प्रश्न गर्न सक्छन्, नेताहरूले नेतृत्वको कमजोरीबारे खुलेर बोल्न सक्छन् र फरक विचारलाई छलफलमा ल्याउन सक्छन्। 'क्यान्टिनका आवारा' जस्तो शब्दले आलोचकले उठाएको राजनीतिक प्रश्नको उत्तर दिँदैन; बरु आलोचकको राजनीतिक हैसियत, आत्मविश्वास र प्रतिष्ठालाई होच्याउने काम गर्छ। ओलीको उखान-टुक्का, व्यङ्ग्य र कटाक्षयुक्त बोल्ने शैली नेपाली राजनीतिमा लामो समयदेखि परिचित छ, तर आफ्नै सहकर्मीप्रति प्रयोग हुने भाषामा संयमता र राजनीतिक मर्यादा अझ आवश्यक हुन्छ। नेतृत्वको उचाइ आलोचकलाई कति ठूलो स्वरमा होच्याउन सकिन्छ भन्नेमा होइन, आलोचकको कुरा कति धैर्यपूर्वक सुन्न सकिन्छ भन्नेमा देखिन्छ।

### पार्टी विभाजन र ओली नेतृत्वमाथि प्रश्न

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको एकीकरणपछि बनेको नेपाल कम्युनिस्ट पार्टीले नेपाली राजनीतिमा ठूलो राजनीतिक शक्ति निर्माण गरेको थियो। तर पार्टीभित्रको शक्ति संघर्ष, नेतृत्व विवाद र आन्तरिक मतभेदका कारण त्यो एकता लामो समय टिक्न सकेन र अन्ततः पार्टी विभाजन भयो। त्यसपछि एमालेभित्र पनि ओली र माधवकुमार नेपाल पक्षबीचको विवाद चर्किंदै जाँदा माधव नेपाल नेतृत्वमा छुट्टै पार्टी गठन भयो। वामदेव गौतम, भीम रावललगायतका नेताहरू पनि मूल पार्टी नेतृत्वबाट अलग राजनीतिक बाटोमा पुगे। यी सबै घटनाको सम्पूर्ण जिम्मेवारी एउटै व्यक्तिमाथि राख्नु राजनीतिक इतिहासको जटिलतालाई सरल बनाउनु हुन सक्छ। तर यी ठूला राजनीतिक विभाजन भएका समयमा ओली निर्णायक नेतृत्वमा रहेका कारण उनको नेतृत्वमाथि प्रश्न उठ्नु स्वाभाविक हो। ठूलो कम्युनिस्ट पार्टीलाई एकताबद्ध राख्ने, फरक मतलाई समेट्ने, आन्तरिक विवादलाई छलफल र सहमतिबाट समाधान गर्ने तथा पार्टीलाई संस्थागत रूपमा अगाडि बढाउने जिम्मेवारी नेतृत्वकै हुन्छ। त्यसैले पार्टी विभाजन र निरन्तरको आन्तरिक असन्तुष्टिको राजनीतिक मूल्याङ्कन गर्दा ओली नेतृत्वको शैली र निर्णय प्रक्रियामाथि गम्भीर प्रश्न उठ्छ।

### विरोध गर्नेहरुका लागि पार्टीभित्र ठाउँ कति छ?

ओलीसँग असहमति राख्ने नेताहरूलाई राजनीतिक रूपमा किनारामा पार्ने प्रवृत्ति उनको नेतृत्वशैलीसँग जोडिएको एउटा गम्भीर प्रश्न हो। ओलीसँग असहमति राख्ने नेताहरूलाई जिम्मेवारीको राजनीतिक मूलधारबाट क्रमशः बाहिर पार्ने, उनीहरूलाई गाउँपालिका अध्यक्ष, नगरपालिका वा महानगरपालिकाको मेयरको जिम्मेवारीदेखि सांसदको टिकट, मन्त्री पद वा पार्टीका महत्वपूर्ण जिम्मेवारीसम्म अवसर नदिने वातावरण बन्ने गरेको देखिन्छ। नेतृत्वसँग असहमति राख्ने नेताहरूलाई पार्टीभित्र कमजोर बनाउने, जिम्मेवारीबाट हटाउने, कारबाहीको वातावरण बनाउने र अन्ततः पार्टीबाट बाहिरिने परिस्थिति सिर्जना गर्ने काम पनि केपी ओलीको नेतृत्वकालमा हुँदै आएको देखिन्छ। माधवकुमार नेपाल, वामदेव गौतम, भीम रावललगायतका नेताहरूको राजनीतिक यात्रामा आएको दूरीलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। कुनै पनि पार्टीमा अध्यक्षको आलोचना गरेकै कारण राजनीतिक भविष्य समाप्त हुने वातावरण लोकतान्त्रिक पार्टीका लागि स्वस्थ संकेत होइन। पार्टीमा अध्यक्ष, नेता र कार्यकर्ताबीच संस्थागत सम्बन्ध हुनुपर्छ; अवसर र जिम्मेवारी व्यक्तिप्रतिको निकटता वा असहमतिका आधारमा होइन, पार्टीको विधान, योग्यता, क्षमता र संस्थागत निर्णयका आधारमा निर्धारण हुनुपर्छ। अध्यक्ष शक्तिशाली हुन सक्छन्, तर अध्यक्षभन्दा पार्टीको संस्था, विधान र लोकतान्त्रिक प्रक्रिया ठूलो हुनुपर्छ। पार्टीभित्र फरक मत राख्ने नेताहरूले आफ्नो राजनीतिक भविष्यबारे डराउनुपर्ने अवस्था सिर्जना भयो भने त्यसले संगठनलाई बलियो होइन, कमजोर बनाउँछ।

### नेतृत्व हस्तान्तरणको समय

केपी ओलीले पार्टी अध्यक्ष, वरिष्ठ नेता, मन्त्री र प्रधानमन्त्रीका रूपमा लामो राजनीतिक जिम्मेवारी सम्हालिसकेका छन्। उनले आफ्नो समयमा देश र पार्टीका लागि जे गर्न सके, धेरै गरिसकेका छन्। राम्रो काम भए इतिहासले त्यसको मूल्याङ्कन गर्नेछ र गलत निर्णय भए त्यसको आलोचना पनि इतिहासले गर्नेछ। तर कुनै पनि राजनीतिक पद स्थायी हुँदैन। पार्टी अध्यक्ष पद जीवनभर समातेर राख्ने पद होइन, निश्चित समयका लागि प्राप्त राजनीतिक जिम्मेवारी हो। त्यसैले नेतृत्व हस्तान्तरणको प्रक्रिया धेरै अघि नै सुरु भइसक्नुपर्ने थियो र अब त्यसलाई अझै ढिलाइ नगरी तुरुन्त नेतृत्व हस्तान्तरण गर्नु केपी ओलीज्यूका लागि उचित हुन्छ। नयाँ पुस्तालाई नेतृत्वमा ल्याउने, सामूहिक निर्णय प्रणाली बलियो बनाउने र पार्टीभित्र नेतृत्व परिवर्तनलाई स्वाभाविक लोकतान्त्रिक प्रक्रियाका रूपमा स्थापित गर्ने जिम्मेवारी पनि पुरानो नेतृत्वकै हो। ओलीले आफूभन्दा पछिको नेतृत्व तयार पारेर पार्टीलाई संस्थागत रूपमा बलियो बनाउनु नै उनको लामो राजनीतिक यात्राको महत्वपूर्ण योगदानमध्ये एक हुन सक्छ।

### झापा-५ को पराजय : ठूलो राजनीतिक सन्देश

झापा-५ को प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन्द्र शाहले केपी शर्मा ओलीलाई करिब ५० हजार मतको फराकिलो अन्तरले पराजित गरे। आफ्नै निर्वाचन क्षेत्रमा लामो समयदेखि प्रभाव राखेका, एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री रहेका ओलीको यति ठूलो मतान्तरको पराजय सामान्य चुनावी हारभन्दा ठूलो राजनीतिक सन्देशका रूपमा लिन सकिन्छ। यसले मतदाताको मनोविज्ञानमा आएको परिवर्तन र नयाँ राजनीतिक विकल्पप्रतिको आकर्षणबारे गम्भीर प्रश्न उठाएको छ। यस्तो ठूलो पराजयपछि पार्टी अध्यक्षका रूपमा आफ्नो भूमिकाबारे आत्मसमीक्षा गर्नु र नैतिकताको आधारमा नेतृत्व हस्तान्तरणको प्रक्रिया अघि बढाउनु स्वाभाविक राजनीतिक अपेक्षा बन्न सक्छ। चुनाव हार्दैमा कुनै नेताले स्वतः पद छोड्नैपर्छ भन्ने संवैधानिक व्यवस्था हुँदैन; तर ठूलो जनमतबाट प्राप्त राजनीतिक सन्देशलाई स्वीकार गर्दै नेतृत्वले आत्मसमीक्षा गर्नु लोकतान्त्रिक संस्कार हो।

### Gen Z आन्दोलन र प्रधानमन्त्रीका रूपमा राजनीतिक जिम्मेवारी

केपी ओली प्रधानमन्त्री रहेका समयमा भएको न्भल श आन्दोलनले नेपालमा ठूलो राजनीतिक संकट सिर्जना गर्‍यो। सामाजिक सञ्जालमाथि सरकारले लगाएको प्रतिबन्ध तत्कालीन असन्तुष्टिको प्रमुख कारण बन्यो र त्यससँगै भ्रष्टाचार, रोजगारीको अभाव, राजनीतिक संरक्षणवाद, आर्थिक अवसरको कमी तथा पुरानो राजनीतिक शैलीप्रतिको युवाको असन्तुष्टि पनि सडकमा पोखियो। आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भयो र अन्ततः ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिए। त्यतिबेला सरकारको नेतृत्व ओलीले गरिरहेका थिए, त्यसैले सरकारका निर्णय, आन्दोलन व्यवस्थापन, सुरक्षा परिचालन र त्यसबाट उत्पन्न जनधनको क्षतिको राजनीतिक जिम्मेवारी प्रधानमन्त्रीका रूपमा ओलीले लिनुपर्छ भन्ने प्रश्न गम्भीर रूपमा उठ्छ। प्रधानमन्त्री पद उपलब्धिको श्रेय लिने मात्र पद होइन; संकट, असफलता र जनताको असन्तुष्टिको जिम्मेवारी लिने पद पनि हो। त्यसैले न्भल श आन्दोलन ओलीको राजनीतिक विरासतमा जोडिएको गम्भीर अध्यायका रूपमा रहनेछ। देशमा ठूलो संकट उत्पन्न हुँदा प्रधानमन्त्रीका रूपमा जिम्मेवारी लिनु राजनीतिक नेतृत्वको आधारभूत दायित्व हो।

### अध्यक्षलाई के सम्बोधन गर्ने?

अन्ततः प्रश्न एउटा शब्दको मात्र होइन, राजनीतिक संस्कारको हो। आफ्नै पार्टीका कार्यकर्ताले नेतृत्वमाथि प्रश्न उठाउँदा उनीहरूलाई 'क्यान्टिनका आवारा' भन्ने, फरक मत राख्नेहरूलाई होच्याउने र नेतृत्व परिवर्तनको मागलाई अपमानजनक भाषाबाट जवाफ दिने शैलीले पार्टी बलियो बनाउँदैन। पार्टीभित्र सबैका अभिव्यक्तिलाई स्थान दिनुपर्छ, छलफलको विधि बलियो बनाउनुपर्छ, नेतृत्वको आलोचनालाई सम्मान गर्नुपर्छ र नेतृत्व हस्तान्तरणलाई लोकतान्त्रिक प्रक्रियाका रूपमा स्वीकार गर्नुपर्छ। केपी ओलीले प्रधानमन्त्री, मन्त्री, वरिष्ठ नेता र पार्टी अध्यक्षका रूपमा लामो राजनीतिक जिम्मेवारी सम्हालिसकेका छन्। अब उहाँले पार्टी अध्यक्षबाट राजीनामा दिई नयाँ नेतृत्वका लागि बाटो खोल्नु र सक्रिय पार्टी राजनीतिबाट सम्मानजनक अवकाशको बाटो रोज्नु नै उहाँको लामो राजनीतिक यात्राको परिपक्व निष्कर्ष हुन सक्छ। तर अन्तिम प्रश्न फेरि त्यहीं उभिन्छ–जब नेकपा एमालेका पार्टी अध्यक्षले आफ्नै कार्यकर्तालाई 'क्यान्टिनका आवारा' भनेर सम्बोधन गर्नुभएको छ भने, ती कार्यकर्ताले आफ्नै अध्यक्षलाई कसरी सम्बोधन गर्ने? 'पार्टी अध्यक्ष महोदयज्यू' भनेर सम्मानपूर्वक सम्बोधन गर्ने कि उहाँकै शब्दले जन्माएको राजनीतिक व्यङ्ग्यलाई स्वीकार गर्ने? लोकतन्त्रमा पदभन्दा संस्था ठूलो हुन्छ, व्यक्ति भन्दा पार्टी ठूलो हुन्छ र नेताभन्दा विचार ठूलो हुन्छ। त्यसैले अब प्रश्न केवल केपी ओलीको पदको होइन, एमालेभित्रको लोकतान्त्रिक संस्कार र नेतृत्व हस्तान्तरणको पनि हो।

### लेखक परिचय

लेखक राजनीतिशास्त्रमा विद्यावारिधि (PhD) गर्दै हुनुहुन्छ र हाल उहाँ अमेरिकामा रहनुभएको छ। उहाँले समसामयिक राजनीति, सामाजिक विषयवस्तु तथा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा आफ्ना लेख तथा रचनाहरू लेख्दै आउनुभएको छ। उहाँका लेख-रचनाहरू नेपालका विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यममा प्रकाशित हुँदै आएका छन्।

# हरेक नागरिकलाई आवासको सुनिश्चितता गरिनेछः प्रधानमन्त्री साह



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले हरेक नागरिकका लागि आवासको अधिकार सुनिश्चित गरिने बताउनुभएको छ । शनिबार सामाजिक सञ्जालमार्फत उहाँले हरेक नागरिकको आवासको अधिकार सुनिश्चित गर्ने उद्देश्यसहित 'भवन ऐन, २०८३' को विधेयक संघीय संसद् सचिवालयमा दर्ता गराइएको उल्लेख गर्नुभएको छ।

शुक्रबार दर्ता गरिएको उक्त विधेयकले निम्न आय भएका परिवारको आवासको सुनिश्चित गर्ने तथा मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्ने व्यवस्था प्रस्ताव गरेको उहाँको भनाइ छ।

दर्ता गरिएको विधेयकमा पहिलोपटक घर निर्माण गर्ने नेपाली नागरिकलाई सरकारले तोकेको ढाँचा तथा मापदण्डअनुसार घर निर्माण गर्न आवश्यक नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको प्रधानमन्त्री शाहले बताउनुभयो। त्यस्तै, गोठ निर्माणका लागि निवेदन दिने नागरिकलाईआवश्यकप्रकृतिजन्य सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था समेटिएको उहाँको भनाइ छ।

"गरिब तथा विपन्न नागरिकको आवास सुनिश्चित गर्न सङ्घीय सरकारबाट रु ५० हजार र प्रदेश सरकारबाट रु २५ हजार गरी कूल रु ७५ हजारसम्म अनुदान उपलब्ध गराउने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ। साथै, विपद्, असुरक्षित तथा जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सरकारले नयाँ घर निर्माण गरिदिने व्यवस्था पनि विधेयकमा समेटिएको छ", उहाँले उल्लेख गर्नुभएको छ।

नयाँ भवन ऐन तथा नियमावलीले मध्यम आय भएका नागरिकका लागि सुरक्षित, भूकम्प प्रतिरोधात्मक र आधारभूत मापदण्ड पूरा भएका स्मार्ट घर निर्माण तथा उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरेको छ । रु बीस लाखदेखि ७५ लाखसम्म लागत पर्ने यस्ता घर ९०० देखि एक हजार ३०० प्लिन्थ (भवनको कुल ओगटेको क्षेत्रफल) क्षेत्रका हुने प्रस्ताव गरिएको प्रधानमन्त्रीको भनाइ छ।

नागरिकले सहुलियतपूर्ण ऋणमार्फत यस्ता घर प्राप्त गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। प्रारम्भिक रूपमा रु पाँच लाख अग्रिम भुक्तानी गरी १५ वर्षसम्म मासिक रु ११ हजार किस्ता तिर्ने गरी घर उपलब्ध गराउने व्यवस्था राखिएको छ। साथै रु १० लाख अग्रिम भुक्तानीमा मासिक रु १५ हजार, रु १५ लाख अग्रिममा मासिक रु २० हजार, रु २० लाख अग्रिममा मासिक रु ३० हजार र रु २५ लाख अग्रिममा मासिक रु ३५ हजार किस्ता तिर्ने विकल्पसमेत प्रस्ताव गरिएको छ।

निम्न आय भएका नागरिकको आवासको ग्यारेन्टीदेखि मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित घरको सुनिश्चिततासम्मका व्यवस्था समेट्दै सरकारले हरेक नेपाली नागरिकको आवासको अधिकारलाई कानुनी रूपमा सुनिश्चित गर्ने उद्देश्यले नयाँ भवन ऐन ल्याएको हो। रासस

# प्रविधिको उच्चतम प्रयोगसँगै समयको माग अनुरूपको पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्छ : राष्ट्रपति पौडेल



ललितपुर । राष्ट्रपति रामचन्द्र पौडेलले प्रविधिको उच्चतम प्रयोगसँगै समयको माग अनुरूपको पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्ने बताउनुभएको छ।

ललितपुरको जावलाखेलस्थित सेन्ट जेभियर्स माध्यमिक विद्यालयको ७५औँ वार्षिकोत्सव कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "ज्ञान र सीपसँगै नैतिकता, अनुशासन, सिर्जनशीलता, सहकार्य, करुणा र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्नु आजको शिक्षाको प्रमुख दायित्व हो।" उहाँले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका निम्ति स्वदेशमै उत्पादनशील रोजगारीको अवस्था सिर्जना गरी हरेक नागरिकमा देशभक्तिको भावना अभिवृद्धि गर्ने शिक्षा प्रदानमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

"शिक्षा व्यक्तिको ज्ञान, विवेक, चरित्र र जिम्मेवारी बोधको विकास गर्ने सशक्त माध्यम हो, त्यसैले शिक्षाले व्यक्तिलाई आफ्नो समाज, संस्कृति, इतिहास र राष्ट्रप्रति सचेत तथा उत्तरदायी नागरिक बनाउन सघाउने हुनुपर्छ, नेपाल विभिन्न भाषा, संस्कृति, परम्परा र जीवन पद्धतिले समृद्ध देश हो, हामीले दिने शिक्षाले देशको यो भिन्नतालाई सम्मान गर्दै विद्यार्थीमा राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु सम्भव छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

कुनै पनि शैक्षिक संस्थाका लागि निरन्तरता, प्रतिबद्धता, सेवा र योगदानको इतिहास भएको बताउँदै राष्ट्रपति पौडेलले ज्ञानको उज्यालो ज्योति छर्ने जेभियर्स स्कुलको जीवन्तयात्रा, अनुशासन, संस्कार, सेवा, जिम्मेवारी र मानवीय मूल्यलाई शिक्षाको एक अभिन्न अङ्गका रूपमा अघि बढाएको एउटा गौरवमय इतिहास हो भन्नुभयो । नेपालको शैक्षिक विकासमा यस विद्यालयले पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै उहाँले यहाँबाट शिक्षित विद्यार्थीहरूले देश तथा विदेशका विभिन्न क्षेत्रमा पुऱ्याउँदै आएको योगदान उत्तिकै अनुकरणीय रहेको बताउनुभयो।

शिक्षाको वास्तविक उद्देश्य केवल परीक्षामा राम्रो परिणाम प्राप्त गर्नु वा प्रमाणपत्र हासिल गर्नुमा सीमित हुँदैन भन्नुहुँदै राष्ट्रपति पौडेलले परिवर्तनशील समयसँगै हाम्रा आधारभूत मानवीय मूल्यहरू अझ सुदृढ हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। "सूचना प्रविधिको द्रुत विकास भएको आधुनिक युगमा हामी कस्तो राष्ट्र नेपाल निर्माण गर्न चाहन्छौँ र भोलिका लागि कस्तो जनशक्ति आवश्यक पर्छ भन्ने प्रश्नको उत्तर पनि हाम्रो शैक्षिक प्रणालीले पहिल्याउनुपर्छ", उहाँले भन्नुभयो।

आगामी दिनमा यस स्कुलले शिक्षाका माध्यमबाट नागरिकको सर्वाङ्गीण विकास र राष्ट्र निर्माणमा अझ प्रभावकारी ढङ्गले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। रासस

# 'विशेष महाधिवेशन पक्षधरले कांग्रेसको नीति छाडेर 'रास्वपा' को शैली अंगीकार गरे'

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाली कांग्रेस शेरबहादुर देउवा पक्षका नेता तथा पूर्वसहमहामन्त्री प्रकाशशरण महतले पार्टी नेतृत्वको कार्यशैली र वैचारिक दिशामाथि गम्भीर प्रश्न उठाएका छन्।

काठमाण्डुमा शनिबार आयोजित अन्तरक्रियामा महतले कांग्रेसलाई 'कांग्रेस २.०' बनाउने नाममा पार्टीको स्थापित पद्धति र मौलिक विचारलाई लत्याउँदै रास्वपाको शैलीमा लैजान खोजिएको आरोप लगाए।

नेता महतले पार्टी सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्माप्रति लक्षित गर्दै कांग्रेसले आफ्नो वैचारिक पहिचान गुमाउँदै गएको बताए । उनले 'डेमोक्रेटिक सोसियोलिजम' (प्रजातान्त्रिक समाजवाद) छाडेर 'सामाजिक समाजवाद' को वकालत गर्नु रास्वपाको नीतिलाई पछ्याउनु भएको टिप्पणी गरे।

'अन्य पार्टीको, विशेष गरी रास्वपाको जस्तो मोडेल अपनाउने हो भने कांग्रेसको मौलिकता नै हराउँछ,' उनले भने, 'पार्टी सञ्चालनको मोडेल पनि छोडिँदै छ र वैचारिक आधार पनि कमजोर बनाइँदै छ।'

कांग्रेसको परम्परागत सामूहिक छलफल र वैचारिक बहसको संस्कृति अहिले हराएको महतले जिकिर गरे । पार्टीमा पहिले विभिन्न दृष्टिकोण आउने र त्यसलाई संश्लेषित गरेर निष्कर्षमा पुग्ने परम्परा रहेकोमा अहिले 'एउटाले बोल्ने र अरूले ताली बजाउने' अधिनायकवादी शैलीको विकास भएको उनले बताए।

'व्यक्तिगत महत्त्वाकांक्षाका लागि पार्टीका मूल्य-मान्यता, विचार र संस्थागत पद्धतिलाई कमजोर पारिँदै छ,' महतले बताए।

नेता महतले राष्ट्रियता, प्रजातन्त्र र समाजवाद कांग्रेसको जग भएको बताउँदै यसमा सम्झौता गर्न नहुनेमा जोड दिए। बीपी कोइरालाको विचार स्मरण गर्दै उनले राष्ट्रियता कमजोर भए प्रजातन्त्रसमेत कमजोर हुने चेतावनी दिए। लोकप्रियतावाद (पपुलिज्म) को पछि लागेर तत्काल राजनीतिक लाभ खोज्ने प्रवृत्तिले कांग्रेसलाई वैचारिक विचलनतर्फ धकेल्ने उनको दाबी छ।

कानुनी शासन र संविधानको रक्षाका लागि कांग्रेसले सशक्त प्रतिपक्षीको भूमिका खेल्नुपर्नेमा नेतृत्व चुकिरहेको महतको बुझाइ छ। 'लोकतन्त्रको मर्म र संविधान विपरीतका कामको सशक्त विरोध हुनुपर्थ्यो, तर अहिले त्यो भूमिका प्रभावकारी रूपमा निर्वाह भइरहेको छैन,' उनले भने।

नेता महतले पद प्राप्ति मात्रै राजनीतिक सफलता नभएको भन्दै विचार र सिद्धान्तप्रति प्रतिबद्ध नभएको राजनीति अर्थहीन हुने धारणा राखे । उनले कांग्रेसलाई आफ्नो मौलिक पहिचान जोगाउन नसके पार्टीको अस्तित्वमै प्रश्न उठ्ने भन्दै नेतृत्वलाई सचेतसमेत गराए।

# 'निर्वाचनमा कम्युनिस्ट र लोकतान्त्रिक शक्तिबीच सहकार्य गर्नुपर्छ'

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिस्ट र लोकतान्त्रिक शक्तिहरूसँग सदन र सडकमा मात्रै नभएर निर्वाचनमा पनि सहकार्य गर्नुपर्ने बताएका छन्।

शनिबार नेकपाको जिल्लाको एकता बैठकलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले कम्युनिस्ट र लोकतान्त्रिक शक्तिहरूबीच कार्यगत एकतामा जोड दिए । 'कम्युनिस्ट र लोकतान्त्रिक शक्तिहरूबीच पार्टी एकता, सहकार्य र कार्यगत एकतालाई अघि बढाउने निर्णय भएको छ,' प्रचण्डले भने, 'आगामी दिनमा सदन र सडकको संघर्षमा सहकार्य गर्दै आवश्यकताअनुसार निर्वाचनमा समेत सहकार्यको आधार निर्माण गर्ने दिशामा अघि बढ्नुपर्छ।'

यससँगै उनले विगतका कमजोरी सच्याएर जनतासँग जोडिन नेता तथा कार्यकर्तालाई निर्देशन दिए । 'अबको बाटो विगतको उपलब्धिको रक्षा मात्र होइन, कमजोरी सच्याउँदै नयाँ परिस्थितिअनुसार पार्टी, विचार, संगठन र नेतृत्वलाई रूपान्तरण गर्ने बाटो हो, प्रचण्डले भने।

उनले अहिले कम्युनिस्ट शक्तिबीच एकता अपरिहार्य भएको बताए। 'सच्चा कम्युनिस्ट शक्तिबीच एकता र सहकार्य, संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिबीच सहकार्य र जनतासँगको प्रत्यक्ष सम्बन्धलाई बलियो बनाउँदै अघि बढ्नु आजको मुख्य आवश्यकता हो,' उनले भने।

संयोजक प्रचण्डले जनताको जीवनसँग जोडिनुपर्ने बताए। त्यसका लागि जनताका समस्या उजागर गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए।

'महँगी, बेरोजगारी, भ्रष्टाचार, सुशासनको अभाव तथा गरिब, सुकुम्बासी, मजदूर र आधारभूत वर्गका समस्यालाई केन्द्रमा राखेर जनताका मुद्दा उठाउनुपर्छ,' पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले भने, 'राज्यका नीतिले सबैभन्दा कमजोर वर्गमाथि पार्ने प्रभावलाई गम्भीरतापूर्वक हेर्नुपर्छ।'

# संसद्मा नयाँ भवन ऐन दर्ता: गरिब तथा विपन्न नागरिकलाई ७५ हजारसम्म आवास अनुदान प्रस्ताव

काठमाण्डु । पूर्वाधार विकास मन्त्रालयले गरिब तथा विपन्न नागरिकको आवास सुनिश्चित गर्न सङ्घीय सरकारबाट रु ५० हजार र प्रदेश सरकारबाट रु २५ हजार गरी कुल रु ७५ हजारसम्म अनुदान उपलब्ध गराउने व्यवस्थासहित भवन ऐन, २०८३ को विधेयक सङ्घीय संसद् सचिवालयमा दर्ता गराएको छ।

भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रत्येक नागरिक र उनका परिवारका लागि आवास सुनिश्चित गर्ने उद्देश्यले विभिन्न व्यवस्था प्रस्ताव गरिएको मन्त्रालयले प्रेस नोटमार्फत जनाएको छ।




विधेयकमा निम्न आय भएका परिवारको आवासको ग्यारेन्टी तथा मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

पहिलोपटक घर निर्माण गर्ने नेपाली नागरिकलाई सरकारले तोकेको डिजाइन तथा मापदण्डअनुसार घर निर्माण गर्न आवश्यक नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। गोठ निर्माणका लागि निवेदन दिने नागरिकलाई समेत आवश्यक प्रकृतिजन्य सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था समेटिएको छ।

विपद् प्रभावित, असुरक्षित तथा जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सरकारले नयाँ घर निर्माण गरिदिने व्यवस्था पनि विधेयकमा प्रस्ताव गरिएको छ।

नयाँ भवन ऐन तथा नियमावलीमा मध्यम आय भएका नागरिकका लागि सुरक्षित, भूकम्प प्रतिरोधात्मक तथा आधारभूत मापदण्ड पूरा भएका स्मार्ट घर निर्माण तथा उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। रु २० लाखदेखि रु ७५ लाखसम्म लागत पर्ने यस्ता घरको प्लिन्थ क्षेत्रफल ९०० देखि १ हजार ३०० वर्गफिटसम्म हुने प्रस्ताव गरिएको छ।

नागरिकले सहुलियतपूर्ण ऋणमार्फत यस्ता घर प्राप्त गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। प्रारम्भिक रूपमा रु ५ लाख अग्रिम भुक्तानी गरी १५ वर्षसम्म मासिक रु ११ हजार किस्ता तिर्ने गरी घर उपलब्ध गराउने व्यवस्था राखिएको छ।

त्यस्तै, रु १० लाख अग्रिम भुक्तानीमा मासिक रु १५ हजार, रु १५ लाख अग्रिममा मासिक रु २० हजार, रु २० लाख अग्रिममा मासिक रु ३० हजार र रु २५ लाख अग्रिममा मासिक रु ३५ हजार किस्ता तिर्ने विकल्पसमेत प्रस्ताव गरिएको छ।

निम्न आय भएका नागरिकको आवासको ग्यारेन्टीदेखि मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित घरको सुनिश्चिततासम्मका व्यवस्था समेट्दै हरेक नेपाली नागरिकको आवासको अधिकार कानुनी रूपमा सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ। रासस

# अर्थमन्त्री वाग्लेको दौडधुप



**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा.स्वर्णिम वाग्लेको विदेश जाने दौडधुप एकदमै बढेको छ। असोज १ गतेदेखि तीन दिने भारत भ्रमण सकाएर फर्केका अर्थमन्त्री बाग्ले असोज १० गते दोहा प्रस्थान गरेका थिए । अमेरिकाबाट प्रधानमन्त्री वालेन्द्र शाह फर्केकै दिन उनी दोहा उडेका थिए।

दोहाबाट उनी असोज १४ गतेका स्वदेश फर्केका थिए । दुई दिन बसेर उनी हिजो अर्थात असोज १६ गते राति अमेरिका प्रस्थान गरेका छन् । दुई दिनपछि अमेरिकाबाट फर्केपछि उनी सम्भवतः ३० गते बैंकक प्रस्थान गर्ने जनाइएको छ।

मन्त्रीका सचिवालयका अनुसार विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाको निमन्त्रणामा उनी अमेरिका भ्रमणमा गएका हुन्।

अर्थमन्त्री वाग्लेको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल दुई दिने भ्रमणका लागि शुक्रबार राति अमेरिकाको वासिङ्टन डीसी प्रस्थान गरेका छन् ।

यही असोज १९ र २० गते (अक्टोबर ५-६) मा हुने उक्त भ्रमणका क्रममा अमेरिकी सरकारका उच्च तहका प्रतिनिधिहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको मन्त्रीका सचिवालयले जनाएको छ।

साथै द्विपक्षीय सहयोग अभिवृद्धि, पुनर्निर्माण, एफएटीएफ ग्रे लिस्टबाट बहिर्गमन तथा बृहत् आर्थिक सुधारका विविध विषयमा छलफल हुने बताइएको छ। अर्थमन्त्री वाग्लेले विश्व बैंक, अमेरिकी अर्थ मन्त्रालय र डिएफसीका उच्च पदस्थ अधिकारीहरू छलफल गर्ने बताइन्छ।

सो छलफलका क्रममा हालै भोटेकोशी क्षेत्रमा आएको बाढीका कारण क्षति पुगेका भौतिक एवं आर्थिक पूर्वाधारको पुनर्निर्माण र उत्थानशील विकासका लागि थप सहायता परिचालनका विषयमा विश्व बैंक तथा अमेरिकी अधिकारीहरूसँग छलफल गर्ने कार्यक्रम रहेको जनाइएको छ।

# जेन-जी आन्दोलनका सहिद परिवार र घाइतेको पुनःस्थापनाका लागि 'प्रोफाइल' बनाउन शुरु



झापा । जिल्ला प्रशासन कार्यालयले जेनजी आन्दोलनका सहिद परिवार र घाइतेको पुनःस्थापना तथा सामाजिक संरक्षणसम्बन्धी एकीकृत प्याकेजलाई प्रभावकारी बनाउन प्रोफाइल तयार गर्न सुरुआत गरेको छ।

अनलाइन फारममार्फत सहिद परिवार र घाइतेको व्यक्तिगत विवरण, घटनासम्बन्धी विवरण, आर्थिक तथा सामाजिक अवस्था र सरकारसँगको अपेक्षासहितका चार क्षेत्रगत सूचना संकलन गरी प्रोफाइल निर्माण गरिने प्रशासनले जनाएको छ।

जिल्लामा हालसम्म दुई सहिद परिवार र सम्पर्कमा आएका ४० जना घाइते रहेका छन् । तीमध्ये ३७ जनाले घाइते परिचयपत्र प्राप्त गरिसकेका छन् भने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट घाइतेको अवस्था अनुसार २८ जनाको वर्गीकरण भइसकेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिनुभयो।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत एकीकृत प्याकेजमा समावेश २४ वटा बुँदाको प्रभावकारी कार्यान्वयनका लागि यो कदम चालिएको उहाँले बताउनुभयो।

सरकारले घोषणा गरेको निःशुल्क स्वास्थ्य उपचार, निःशुल्क शिक्षा, रोजगारीलगायतका एकीकृत राहत प्याकेजलाई घाइते तथा सहिद परिवारको वास्तविक माग र आवश्यकतासँग जोड्न आवश्यक सूचना स्रोतको रूपमा रहने गरी यो प्रोफाइल तयार पारिने उहाँको दाबी छ।

सो कार्यका लागि सम्बन्धित सहिद परिवार र घाइतेलाई आफ्ना विवरण अद्यावधिक गर्न अनुरोध गरिएको छ । प्रोफाइल तयार गर्ने यस महत्त्वपूर्ण कार्यमा आवश्यक समन्वय र सहजीकरणका लागि हालसम्म सम्पर्कमा नआएका जेन-जी आन्दोलनका घाइतेलाई यथाशीघ्र जिप्रकामा सम्पर्क राख्न अनुरोध गरिएको उहाँले बताउनुभयो। रासस

# रुससँगको सुरक्षा चिन्ता र बढ्दो महँगीबीच लात्भियामा संसदीय निर्वाचन





एएफपी । छिमेकी रुसबाट उत्पन्न सुरक्षा चुनौती र बढ्दो जीवनयापन खर्चका बीच लात्भियामा शनिबार संसदीय निर्वाचन हुँदैछ । यद्यपि, निर्वाचनको नतिजाले देशको युरोपेली सङ्घ (इयू) र युक्रेन समर्थक विदेश नीतिमा ठूलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ ।

एसकेडीएस इन्स्टिच्युटको पछिल्लो जनमत सर्वेक्षणअनुसार प्रधानमन्त्री आन्द्रिस कुल्बर्ग्स नेतृत्वको मध्य-दक्षिणपन्थी युनाइटेड लिस्ट पार्टी १४ प्रतिशतभन्दा बढी मतसहित अग्रस्थानमा छ ।

यद्यपि, तीन बाल्टिक राष्ट्रमध्ये आर्थिक रूपमा अपेक्षाकृत कमजोर लात्भियामा जीवनयापनको लागत र आर्थिक समस्यालाई मुख्य एजेन्डा बनाएका जनवादी (पपुलिस्ट) दलहरूको प्रभाव बढ्दै जाँदा वर्तमान सत्ता गठबन्धन कमजोर बन्न सक्ने अनुमान गरिएको छ ।

हालको सत्तारुढ गठबन्धन युनाइटेड लिस्ट, न्यु युनिटी, युनियन अफ ग्रिन्स एन्ड फार्मर्स र नेसनल एलायन्स मिलेर बनेको छ । जनमत सर्वेक्षणहरूले यही गठबन्धनले यथावत् सत्ता कायम राख्ने सम्भावना न्यून रहेको देखाएका छन् ।

रुसप्रति नरम धारणा राखेको आरोप खेप्दै आएको जुलिया स्टेपानेन्को नेतृत्वको सोभरेन पावर पार्टीले नौ प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने अनुमान गरिएको छ । यसो भएमा यो १०० सदस्यीय संसदको दोस्रो ठूलो दल बन्न सक्छ ।

सोभरेन पावरले युक्रेनलाई सैन्य सहायता उपलब्ध गराउने तथा रक्षा बजेट बढाउने नीतिको विरोध गर्दै आएको छ । यसको सट्टा उसले घरेलु आर्थिक समस्याको समाधानलाई प्राथमिकता दिनुपर्ने धारणा राख्दै आएको छ ।

यद्यपि, अधिकांश प्रमुख दलहरूले सोभरेन पावरसँग सहकार्य नगर्ने सङ्केत दिएका कारण उक्त पार्टी सरकारमा सहभागी हुने सम्भावना न्यून देखिएको छ ।

व्यवसायी आइनार्स स्लेसेर्स नेतृत्वको लात्भिया फर्स्ट पार्टी भने सम्भावित गठबन्धन साझेदारका रूपमा हेरिएको छ ।

बलियो सामाजिक सुरक्षा, कल्याणकारी नीतिहरू र युक्रेनलाई निरन्तर सहयोगको पक्षमा रहेको युरोप समर्थक सामाजिक-लोकतान्त्रिक दल द प्रोग्रेसिभ्सले करिब छ प्रतिशत मत प्राप्त गर्ने अनुमान गरिएको छ ।

जनमत सर्वेक्षणअनुसार करिब २० प्रतिशत मतदाता अझै निर्णयमा पुगिसकेका छैनन् । निर्वाचनमा १४ दल तथा गठबन्धन प्रतिस्पर्धामा रहे पनि संसद प्रवेशका लागि आवश्यक पाँच प्रतिशत मत सीमा पार गर्ने सम्भावना सात दलको मात्र देखिएको छ ।

**सुरक्षा र अर्थतन्त्र मुख्य चुनावी मुद्दा**

रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको चार वर्षपछि पनि लात्भियाको राजनीतिक बहसको केन्द्रमा राष्ट्रिय सुरक्षा नै रहेको छ ।

सन् २००४ देखि नेटो र युरोपेली सङ्घको सदस्य रहेको लात्भियाले रुसलाई आफ्नो प्रमुख सुरक्षा चुनौतीका रूपमा लिँदै रक्षा खर्च उल्लेख्य रूपमा बढाएको छ । सन् २०२२ मा रुसले युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेपछि लात्भियाले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच प्रतिशत रक्षा क्षेत्रमा खर्च गर्न थालेको छ ।

संसदमा प्रवेश गर्ने सम्भावना रहेका अधिकांश दलले उच्च रक्षा खर्च कायम राख्ने र युक्रेनलाई सहयोग जारी राख्ने पक्षमा समर्थन जनाएका छन् ।

सुरक्षासँगै बढ्दो महँगी, न्यून ज्याला, स्वास्थ्य सेवा प्रणालीमाथिको दबाब र घट्दो जनसंख्या पनि मतदाताका प्रमुख चासोका विषय बनेका छन् ।

यसैबीच, लात्भियाको ठूलो रुसीभाषी अल्पसङ्ख्यक समुदायको मतदान प्रवृत्तिमा पनि परिवर्तन देखिएको छ । कुनै समय हार्मनी पार्टीमा केन्द्रित उनीहरू अहिले जातीय वा पहिचानको राजनीतिभन्दा आर्थिक र सामाजिक मुद्दालाई प्राथमिकता दिन थालेका छन् ।

मतदान सकिएपछि सरकार गठनका लागि गठबन्धन निर्माणसम्बन्धी वार्ता सुरु हुने अपेक्षा गरिएको छ । यो प्रक्रिया लामो र जटिल हुन सक्ने विश्लेषकहरूको अनुमान छ ।

शनिबार साँझ प्रारम्भिक नतिजा आउन थाल्नेछ भने आइतबार आधिकारिक प्रारम्भिक परिणाम सार्वजनिक गरिने अपेक्षा गरिएको छ । मतदान केन्द्र बन्द भएपछि एक्जिट पोलका नतिजा पनि सार्वजनिक हुनेछन् ।

# जनकपुर बोल्ट्सबाट विश्वकप विजेता अली खेल्ने

**टुडे समाचारदाता**

काठमाण्डु । जनकपुर बोल्ट्सले इंग्ल्यान्डका पूर्व अन्तर्राष्ट्रिय अलराउन्डर तथा दुई पटकका विश्वकप विजेता मोइन अलीलाई नेपाल प्रिमियर लिगको तेस्रो संस्करणका लागि अनुबन्ध गरेको छ ।

अली यस सिजनका लागि बोल्ट्समा आबद्ध हुने चौथो विदेशी खेलाडी हुन् । यसअघि बोल्ट्सले कप्तानका रूपमा हरमित सिंह, न्युजिल्यान्डका अलराउन्डर जिमी निशाम र पाकिस्तानका ब्याटर इफ्तिखार अहमदलाई अनुबन्ध गरिसकेको छ ।

बायाँ हाते ब्याटर र अफस्पिन बलर मोइन इंग्ल्यान्ड क्रिकेटको सफल युगका प्रमुख खेलाडी थिए । उनी सन् २०१९ मा घरेलु मैदानमा एकदिवसीय विश्वकप जित्ने इंग्ल्यान्ड टोलीका सदस्य थिए। सन् २०२२ मा अस्ट्रेलियामा भएको टि ट्वान्टी विश्वकपमा उपाधि जित्दा उनी इंग्ल्यान्डका उपकप्तान थिए । तीनै ढाँचामा इंग्ल्यान्डको प्रतिनिधित्व गरेका मोइन टेस्ट क्रिकेटमा ३ हजारभन्दा बढी रन र २ सयभन्दा बढी विकेट लिने थोरै अंग्रेज खेलाडीमध्ये पर्छन् । उनले टि ट्वान्टी अन्तर्राष्ट्रियमा इंग्ल्यान्डको कप्तानी पनि गरिसकेका छन् ।

२०२४ मा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका मोइन विश्वका प्रमुख फ्रेन्चाइज लिगमा निरन्तर सक्रिय छन् । इन्डियन प्रिमियर लिगमा उनले चेन्नई सुपर किंग्सबाट खेल्दै २०२१ र २०२३ मा उपाधि जितेका थिए ।

अलीले नेपाली क्रिकेटको माहोल आफैं अनुभव गर्न आतुर रहेको बताए । 'नेपाली क्रिकेट समर्थकहरूको अपार जोश र आफ्नो टोलीलाई समर्थन गर्न जहाँसुकै पुग्ने उनीहरूको समर्पण मैले देखेको छु । अब त्यो अद्भुत माहोल आफैं अनुभव गर्न आतुर छु। बोल्ट्सका लागि यो सिजन रोमाञ्चक रहने अपेक्षा छ । म मैदानमा टोलीका लागि आफ्नो शतप्रतिशत दिन तयार छु,' उनले भने ।



जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले मधेशका क्रिकेट प्रेमीलाई अलीको अनुबन्धन एक उपहार रहेको बताए । 'अलीको आगमन नेपाली क्रिकेट र एनपीएलको बढ्दो विश्वव्यापी पहिचानको प्रमाण हो । यो अनुबन्ध हाम्रा समर्थक र आफ्नो टोलीलाई मुटुभन्दा प्यारो मान्ने मधेशका जनताप्रति समर्पित छ । तपाईंहरूको माया र विश्वासका लागि यो हाम्रो उपहार हो । यसपटक जनकपुरको गर्जन अझ ठूलो हुनेछ,' उनले भने । जनकपुर एनपिएल पहिलो सिजनको विजेता टोलीरहेको छ ।

# पाकिस्तानको निर्यातमा तीव्र वृद्धि, सेप्टेम्बरमा पुग्यो दुई अर्ब ९४ करोड डलर

एएफपी । पाकिस्तानको निर्यात सेप्टेम्बर महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.६ प्रतिशतले बढेर दुई अर्ब ९४ करोड अमेरिकी डलर पुगेको छ । पाकिस्तानको तथ्याङ्क विभागले शुक्रबार सार्वजनिक गरेको प्रारम्भिक व्यापार तथ्याङ्कअनुसार अगस्टको तुलनामा पनि सेप्टेम्बरमा निर्यात १६.१ प्रतिशतले बढेको हो । अगस्टमा पाकिस्तानको निर्यात दुई अर्ब ५३ करोड डलर थियो । यसैगरी, सेप्टेम्बरमा पाकिस्तानको आयात ११.१ प्रतिशतले बढेर छ अर्ब ४९ करोड डलर पुगेको छ । गत वर्षको सोही महिनामा आयात पाँच अर्ब ८५ करोड डलर थियो । मासिक आधारमा पनि आयात अगस्टको पाँच अर्ब ८२ करोड डलरबाट ११.५ प्रतिशतले बढेको छ । निर्यातभन्दा आयात उच्च रहेपछि सेप्टेम्बरमा पाकिस्तानको व्यापार घाटा तीन अर्ब ५६ करोड डलर पुगेको छ । यो गत वर्षको सोही महिनाको तीन अर्ब ३५ करोड डलरको तुलनामा ६.२ प्रतिशत बढी हो ।



**तीन महिनामा व्यापार घाटा १० अर्ब ७९ करोड डलर**

आर्थिक वर्ष २०२६/२७ को पहिलो तीन महिनामा पाकिस्तानको कुल निर्यात १०.८ प्रतिशतले बढेर आठ अर्ब ४२ करोड डलर पुगेको छ । सो अवधिमा आयात भने १३.२ प्रतिशतले बढेर १९ अर्ब २२ करोड डलर पुगेको छ । परिणामस्वरूप पहिलो तीन महिनाको व्यापार घाटा १५.१ प्रतिशतले बढेर १० अर्ब ७९ करोड डलर पुगेको तथ्याङ्कले देखाएको छ ।

पाकिस्तानको तथ्याङ्क विभागका अनुसार सार्वजनिक गरिएको तथ्याङ्क प्रारम्भिक हो। थप भन्सारसम्बन्धी तथ्याङ्क समावेश भएपछि यी आँकडामा संशोधन हुन सक्ने बताइएको छ ।

# कंगोमा इबोला संक्रमण केही क्षेत्रमा घट्दो, मृतकको संख्या ४ हजार नाघ्यो

एएफपी । लोकतान्त्रिक गणतन्त्र कंगोमा फैलिएको इबोला संक्रमण केही क्षेत्रमा क्रमशः नियन्त्रणतर्फ उन्मुख भएको स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् । पछिल्ला केही सातायता विभिन्न स्वास्थ्य क्षेत्रमा नयाँ संक्रमित फेला नपरेको जनाइएको छ । यद्यपि, संक्रमणका कारण ज्यान गुमाउनेको संख्या ४ हजार नाघेको छ ।



कंगोका स्वास्थ्यमन्त्री रोजर काम्बाले शुक्रबार राजधानी किन्शासामा आयोजित पत्रकार सम्मेलनमा इबोला संक्रमण अहिले प्रान्तभर फैलिएको अवस्थाबाट केही सीमित स्वास्थ्य क्षेत्रमा केन्द्रित हुँदै गएको जानकारी दिनुभयो ।

शुक्रबार सार्वजनिक गरिएको विवरणअनुसार सातवटा प्रान्तमा फैलिएको संक्रमणका क्रममा हालसम्म ८ हजार ३ सय संक्रमितको पुष्टि भएको छ भने ४ हजार १८ जनाले ज्यान गुमाएका छन् । यसअनुसार संक्रमितमध्ये मृत्यु हुनेको दर ४८ दशमलव ४ प्रतिशत रहेको छ । हालसम्म दुई हजार १ सय ६२ जना बिरामी उपचारपछि स्वस्थ भएका छन् ।

प्रकोप सुरु भएयता सातवटा प्रान्तका ६३ स्वास्थ्य क्षेत्रमा संक्रमण देखिएको थियो। तीमध्ये १२ स्वास्थ्य क्षेत्रमा पछिल्ला ४२ दिनदेखि नयाँ संक्रमित फेला परेका छैनन् ।

स्वास्थ्यमन्त्री काम्बाका अनुसार संक्रमणको अवस्था विभिन्न क्षेत्रमा फरक भए पनि पछिल्लो समय संक्रमित फेला पर्ने स्वास्थ्य क्षेत्रको संख्या क्रमशः घटिरहेको छ ।

यसैबीच, अन्तर्राष्ट्रिय चिकित्सा सहायता संस्था सीमा विनाका चिकित्सकहरूले आधिकारिक तथ्यांकभन्दा वास्तविक संक्रमित तथा मृतकको संख्या अझ बढी हुन सक्ने जनाएको छ । रोगको निगरानी तथा संक्रमितको पहिचानमा देखिएका चुनौतीका कारण केही घटना आधिकारिक तथ्यांकमा समेटिन नसकेको हुन सक्ने संस्थाको भनाइ छ ।

मे महिनामा घोषणा गरिएको यो संक्रमण लोकतान्त्रिक गणतन्त्र कंगोमा अहिलेसम्म देखिएको सबैभन्दा ठूलो र गम्भीर इबोला प्रकोप बनेको छ । विश्वव्यापी रूपमा भने सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको इबोला प्रकोपपछि यो दोस्रो ठूलो प्रकोप भएको जनाइएको छ ।

# ब्राजिलप्रतिको मोह, भारतको जितको चाहना

एएफपी । भारतले शनिबार शक्तिशाली ब्राजिलसँग पहिलोपटक मैत्रीपूर्ण फुटबल खेल खेल्दै छ । खेलअघि कोलकाताका फुटबल समर्थकहरू भने ब्राजिलप्रतिको मोह र आफ्नै देशप्रतिको समर्थनबीच दोधारमा देखिएका छन् ।

पाँच पटकको विश्वकप विजेता ब्राजिलका समर्थकहरूको कोलकातामा ठूलो आधार छ । खेल नजिकिँदै जाँदा सहरका सडकमा ब्राजिलको पहेँलो जर्सी लगाएका समर्थकहरू उल्लेख्य रूपमा देखिएका छन् ।



विश्व वरीयताको १३८औँ स्थानमा रहेको भारत बलियो प्रतिद्वन्द्वी ब्राजिलविरुद्ध कमजोर टोलीका रूपमा मैदानमा उत्रँदै छ । साल्ट लेक स्टेडियममा हुने खेल स्थानीय समयअनुसार साँझ ७:३० बजे (१४:०० जीएमटी) सुरु हुनेछ ।

कोलकातास्थित ब्राजिल फ्यान क्लबका ३० वर्षीय सदस्य जोयदीप पालले एएफपीसँग भने, "हामी निकै उत्साहित छौँ । धेरैजना स्टेडियममै पुग्नेछौँ भने अन्यले टेलिभिजनबाट खेल हेर्नेछन् ।"

उनले थपे, "हामीले भिनी जुनियर, डानिलो सान्तोस र एन्ड्रिकजस्ता ब्राजिलियन स्टारलाई टेलिभिजनमा मात्र देखेका थियौँ । अब उनीहरूको खेल प्रत्यक्ष हेर्ने अवसर पाएका छौँ ।" तर, पालले आफूहरू भावनात्मक रूपमा दोधारमा रहेको बताए । "हाम्रो मन ब्राजिलप्रतिको प्रेम र आफ्नै देशप्रतिको समर्थनबीच बाँडिएको छ । अन्ततः हामी भारतकै जितको कामना गर्छौँ", उनले भने ।

भारत अहिलेसम्म फिफा विश्वकपका लागि छनोट हुन सकेको छैन । फुटबल लोकप्रिय खेल भए पनि क्रिकेटको व्यापक लोकप्रियताका कारण यसले भारतमा दोस्रो स्थान ओगटेको छ ।

पैँसट्ठी हजार दर्शक अट्ने साल्ट लेक स्टेडियममा खेल हेर्न देशका विभिन्न भागबाट समर्थकहरू कोलकाता पुगेका छन् । उत्तरपूर्वी राज्य मणिपुरबाट आएका ३१ वर्षीय इन्जिनियर मिमिनले भने, "सन् २००२ को विश्वकपमा ब्राजिलको जित टेलिभिजनमा हेरेपछि म फुटबलप्रति आकर्षित भएको थिएँ । त्यसयता म ब्राजिलको समर्थक हुँ ।" उनले थपे, "यस खेलमा म कुनै एक टोलीको पक्षमा नरही राम्रो फुटबलको आनन्द लिनेछु ।"

खेललाई लक्षित गर्दै रङ्गशाला वरपर कडा सुरक्षा व्यवस्था गरिएको छ । आयोजकहरू गत डिसेम्बरमा अर्जेन्टिनी स्टार लियोनेल मेसीको भ्रमणका क्रममा भएको अव्यवस्था दोहोरिन नदिन सचेत छन् । त्यसबेला मेसीले अप्रत्याशित रूपमा मैदान छोडेपछि निराश समर्थकहरूले सुरक्षा अवरोध तोड्दै मैदानमा प्रवेश गरेका थिए ।

ब्राजिलले आफ्ना खेलाडीहरूको सुरक्षाका लागि आफ्नै सुरक्षाकर्मीसमेत साथमा ल्याएको छ ।

प्रहरी आयुक्त राठोड अमितकुमार भरतले पत्रकारहरूसँग भन्नुभयो, "कुनै अप्रिय घटना हुन नदिन व्यापक सुरक्षा तथा ट्राफिक व्यवस्थापन गरिएको छ ।" उहाँका अनुसार यसपटक दर्शकहरूले रङ्गशालाभित्र प्रवेश गर्नुअघि तीन तहको सुरक्षा जाँच पार गर्नुपर्नेछ ।

# अमेरिका–बेलायतका दुई घटनामा इरानमाथि आशंका, अनुसन्धान जारी

एएफपी । बेलायत र अमेरिकाका नेताहरूले यसै साता भएका दुई सुरक्षा घटनामा इरानको सम्भावित संलग्नताको संकेत गरेका छन् । तर शुक्रबारसम्म दुवै घटनामा इरानको प्रत्यक्ष भूमिका पुष्टि गर्ने प्रमाण सार्वजनिक भएको छैन ।



बेलायतमा अमेरिकी सेनाले प्रयोग गर्ने सैन्य विमानस्थल नजिक केही व्यक्तिलाई पक्राउ गरिएको घटना र इजरायलतर्फ गइरहेको विमानको चालक कक्षमा भएको आक्रमणबारे सम्बन्धित निकायले अनुसन्धान गरिरहेका छन् । अनुसन्धान प्रारम्भिक चरणमै रहेकाले घटनाको वास्तविक कारणबारे अझै स्पष्ट निष्कर्ष आइसकेको छैन।

बेलायतको सैन्य विमानस्थल नजिक भएको घटनामा प्रहरीले बेलायती तथा इरानी दुवै नागरिकता भएका २५ वर्षीय एक व्यक्तिलाई आतंकवादी आक्रमणको तयारी गरेको आशंकामा पक्राउ गरेको छ । अन्य पाँच जनालाई धरौटीमा रिहा गरिएको छ। प्रहरीले विमानस्थल नजिक रहेका केही गाडीबाट पेट्रोलजस्तो ज्वलनशील पदार्थ भेटिएको जनाएको छ। तर विस्फोटक पदार्थ भने फेला नपरेको बताइएको छ ।

इरानले उक्त घटनामा आफ्नो कुनै संलग्नता नरहेको स्पष्ट पारेको छ । इरानी अधिकारीहरूले बेलायतसँग घटनाबारे औपचारिक जानकारी मागेका छन् ।

यसैबीच, इजरायलतर्फ जाँदै गरेको विमानमा भएको घटनामा पनि इरानको सम्भावित सम्बन्धबारे चर्चा भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सहचालकको इरानसँग सम्बन्ध हुन सक्ने संकेत गर्नुभयो। तर घटनाको अनुसन्धानमा संलग्न अधिकारीहरूले अहिलेसम्म इरानसँग सम्बन्ध पुष्टि गर्ने प्रमाण नभेटिएको बताएका छन् ।

सम्बन्धित घटनामा इरानको भूमिका रहेको दाबी पुष्टि भएमा त्यसले क्षेत्रीय सुरक्षा अवस्थाबारे थप प्रश्न उठाउन सक्ने विश्लेषण गरिएको छ। अहिले दुवै घटनाबारे अनुसन्धान जारी रहेको छ ।

# मानवीय संकटमा परेका १२ देशलाई संयुक्त राष्ट्रसंघको १६ करोड डलर सहयोग

एएफपी । संयुक्त राष्ट्रसंघले गम्भीर मानवीय संकट सामना गरिरहेका १२ देश तथा क्षेत्रमा जीवनरक्षक सहायता पुऱ्याउन शुक्रबार १६ करोड अमेरिकी डलर आपत्कालीन कोषबाट जारी गरेको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए)का अनुसार आपत्कालीन प्रतिक्रिया कोषबाट १५ करोड डलर अफगानिस्तान, बुर्किना फासो, क्यामरुन, चाड, क्युबा, माली, नाइजर, कब्जामा रहेको प्यालेस्टिनी भूभाग, सोमालिया, दक्षिण सुडान, सुडान र यमनका लागि छुट्याइएको छ ।

त्यसैगरी, यी १२ मानवीय संकटमा रहेका अपांगता भएका व्यक्तिका तत्कालीन आवश्यकताका लागि थप १ करोड डलर छुट्याइएको छ । यसले मानवीय सहायता अझ पहुँचयोग्य र समावेशी बनाउन सहयोग गर्ने ओसीएचएले जनाएको छ ।

यस वर्ष सबैभन्दा गम्भीर मानवीय आवश्यकता भएका ८ करोड ७० लाख मानिससम्म सहायता पुऱ्याउने व्यापक प्रयासअन्तर्गत यो रकम जारी गरिएको हो ।

संयुक्त राष्ट्रसंघका मानवीय मामिला प्रमुख टम फ्लेचरले सहायता पुऱ्याउन आर्थिक सहयोगसँगै राजनीतिक इच्छाशक्ति आवश्यक रहेको बताउनुभएको छ ।

# बेल्जियमको जितमा डे ब्रुएनको २ गोल

**टुडे समाचारदाता**

एजेन्सी । केभिन डे ब्रुएनको दुई उत्कृष्ट गोलमा बेल्जियमले युइएफए नेसन्स लिगमा टर्किएलाई ३-० ले पराजित गरेको छ ।

बेल्जियमको जितमा डे ब्रुएनले पहिलो हाफ र दोस्रो हाफमा एक-एक गोल गरेको छ । वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका रोमेलु लुकाकुले पनि गोल गरेपछि बेल्जियमका मुख्य प्रशिक्षक मार्क भान बोमेलले घरेलु मैदानमा पहिलो जित दर्ता गरेको छ ।

खेलको १०औँ मिनेटमा डे ब्रुएनले डोडी लुकेबाकियोसँग पास आदानप्रदान गर्दै गोल गरेपछि बेल्जियमले अग्रता लिएको थियो । उनले टर्किएका डिफेन्डर अब्दुलकेरिम बर्दाक्चीको खुट्टामुनिबाट बल निकाल्दै पोस्टको दायाँतर्फ तल्लो कुनामा गोल गरेका थिए ।

पहिलो हाफमा दुवै टोलीले गोलका अवसर सिर्जना गरे पनि थप गोल हुन सकेन । लुकेबाकियोको शक्तिशाली प्रहारलाई टर्किएका गोलकिपर उगुरचान चाकिरले पोस्टमा लाग्ने गरी बचाए। अर्कोतर्फ, जेकी सेलिकको क्रसमा मेरिह डेमिरालले गोलपोस्ट नजिकैबाट गरेको प्रहार बारमाथि गएको थियो ।

दोस्रो हाफको सुरुआतमै लुकेबाकियोको अर्को प्रहार पोस्टमा लागेको थियो । त्यसपछि सेन्ने लामेन्सले युनुस अक्सुनको प्रहार बचाउँदै टर्किएलाई बराबरी गर्नबाट रोकेको थियो ।

खेलको ६०औँ मिनेटतिर युरी टिलेमान्सले पेनाल्टी क्षेत्रबाहिर बल खोसेर डे ब्रुएनलाई पास दिए। डे ब्रुएनले टाढाबाट उत्कृष्ट प्रहार गर्दै गोल गरेको थियो ।

खेलको ७६औँ मिनेटमा लुकाकुले गोल गर्दै बेल्जियमको जित सुनिश्चित गरे। चार्ल्स डे केटेलारेको लो क्रसमा उनले सहजै गोल गरेका थिए । अन्तिम समयमा टर्किएले दबाब बढाए पनि बेल्जियमले क्लिनसिट कायम राखेको थियो ।

मार्क भान बोमेलको नेतृत्वमा नयाँ युगको सुरुआत गरेको बेल्जियमका लागि डे ब्रुएन र लुकाकुको अनुभव निर्णायक बनेको थियो । मिका गोड्ट्स र लुकेबाकियोजस्ता खेलाडीले पनि नयाँ प्रशिक्षकको नेतृत्वमा प्रभाव देखाइरहेका छन् ।

# मेकाडेमिया नट खेतीमा किसानको आकर्षण



भोजपुर । बाँदरको क्षति कम हुने र बजारमा राम्रो मूल्य पाउने भएपछि भोजपुरका किसान मेकाडेमिया नट खेतीतर्फ आकर्षित हुन थालेका छन् । पछिल्लो समय किसानले यसको व्यावसायिक खेती विस्तार गर्न थालेका हुन् ।

षडानन्द नगरपालिका-१ नेपालेडाँडाका किसान जीवन थापाले विसं २०७६ देखि व्यावसायिकरूपमा मेकाडेमिया नट खेती गर्दै आउनुभएको छ । उहाँले पोखराबाट बिरुवा ल्याएर आफ्नो क्षेत्रमा करिब दुई हजार बोट मेकाडेमिया नट खेती विस्तार गर्नुभएको छ ।

मेकाडेमिया नटको बोटमा काँडा हुने तथा फलको बोक्रा कडा हुने भएकाले अन्य कृषि उपजको तुलनामा बाँदरबाट कम क्षति हुने थापाको भनाइ छ । बाँदरको प्रकोप रहेका पहाडी क्षेत्रमा यसको खेती गर्दा उत्पादन जोगाउन सहज हुने उहाँले बताउनुभयो ।

थापाले गत वर्ष प्रतिकिलो रु दुई हजारका दरले करिब १५० किलोग्राम मेकाडेमिया नट बिक्री गर्नुभएको थियो । मेकाडेमियाको दाना छुट्याएर गुदी मात्र बिक्री गर्दा प्रतिकिलो रु पाँच हजारसम्म मूल्य प्राप्त हुने उहाँले बताउनुभयो । आफूले विस्तार गरेको बिरुवाले तीन वर्षदेखि फल दिन थालेको उहाँले जानकारी दिनुभयो ।

"मैले दुई हजार बोट मेकाडेमिया नट खेती गरेको छु", थापाले भन्नुभयो, "यो वर्ष पनि फल टिप्ने, केलाउने काम भइरहेको छ । तर, असिनाले क्षति गरेकाले उत्पादन केही घट्ने अवस्था छ ।"

गाउँघरमा कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव रहेको थापाले बताउनुभयो । बजारमा यसको माग बढ्दै गए पनि हाल उत्पादनले बजारको माग धान्न सक्ने अवस्था नरहेको उहाँको भनाइ छ । कृषि प्राविधिकका अनुसार समुद्री सतहबाट करिब १०० मिटरदेखि एक हजार ८०० मिटरसम्मको उचाइमा मेकाडेमिया नट खेती गर्न सकिने थापाले बताउनुभयो । भोजपुरको भौगोलिक अवस्था र हावापानीका कारण विभिन्न क्षेत्रमा यसको खेती विस्तार गर्न सकिने सम्भावना रहेको उहाँको भनाइ छ ।

मेकाडेमिया नट किसानका लागि राम्रो आम्दानीको स्रोत बन्न सक्ने देखिएपछि यसको खेती विस्तारमा जोड दिइएको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताउनुभयो । गाउँपालिकाले किसानलाई नमूनाका रूपमा गत वर्ष ४०० बोट बिरुवा निःशुल्क वितरण गरेको उहाँले जानकारी दिनुभयो ।

किसानबाट माग आएमा यस वर्ष पनि मेकाडेमिया नटको बिरुवा वितरण गर्ने योजना रहेको अध्यक्ष बस्नेतले बताउनुभयो । अन्तरराष्ट्रिय बजारमा 'ड्राइ फ्रुट'का रूपमा यसको माग रहेकाले यसको व्यावसायिक सम्भावना राम्रो रहेको उहाँको भनाइ छ ।

"मेकाडेमिया नट खेतीबाट राम्रो आम्दानी हुने देखिएको छ", अध्यक्ष बस्नेतले भन्नुभयो, "मैले पनि विभिन्न ठाउँमा यसको खेती गरिएको क्षेत्रको अवलोकन गरेको छु । यसको खेती विस्तार गर्ने सोच बनाएका छौँ । यो बालीलाई बाँदरले पनि कम क्षति पुऱ्याउने देखिएको छ ।"

पौवादुङमा गाउँपालिका-३ का युवा किसान करण राईले पनि मेकाडेमिया नट किसानका लागि लाभदायक बाली बन्न सक्ने बताउनुभयो । उहाँले परीक्षणका रूपमा लगाएका मेकाडेमियाका बोटले फल दिन थालेको जानकारी दिनुभयो । "परीक्षणका रूपमा लगाएको बोटले फल दिन थालेको छ", राईले भन्नुभयो, "व्यावसायिक रूपमा खेती गर्न सके यसको बजार राम्रो हुने देखिन्छ ।"

मेकाडेमिया नट खेतीबाट उत्पादन लिन केही वर्ष लाग्ने भए पनि फल दिन थालेपछि लामो समयसम्म उत्पादन लिन सकिने किसान बताउँछन् । बाँदरको क्षति कम हुने, बजारमा राम्रो मूल्य पाउने तथा अन्तरराष्ट्रिय बजारमासमेत माग रहेको कारण यसलाई दीर्घकालीन आम्दानीको स्रोतका रूपमा किसानले लिन थालेका छन् ।

भोजपुरका विभिन्न क्षेत्रमा मेकाडेमिया नटको परीक्षण तथा व्यावसायिक खेती विस्तार हुन थालेसँगै यसको खेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । रासस

# अन्तरराष्ट्रिय सडक सञ्जालमा जोडिँदै काँकरभिट्टा-लौकही

भद्रपुर । पूर्वी नेपालको प्रमुख व्यापारिक मार्गलाई अन्तरराष्ट्रिय सडक सञ्जालसँग जोड्ने लक्ष्यसहित निर्माण भइरहेको एसियन हाइवेअन्तर्गत काँकरभिट्टा-लौकही सडकको पूर्वी खण्डमा हालसम्म ५२ प्रतिशत सडक कालोपत्र भएको छ ।

निर्माण सम्झौताको अवधि सकिन करिब चार महिना बाँकी रहँदा आयोजनाले तोकिएको निर्माण भइरहेका छन् भने ३०० मिटरभन्दा लामा निन्दा, बिरिङ र कन्काईमा पनि निर्माण जारी छ । पश्चिम खण्डमा रतुवा, बक्राहा र लोहन्द्रामा पनि धमाधम पुल बनिरहेका छन् ।

आयोजनाअन्तर्गत अधिकांश साना कल्भर्टको काम सम्पन्न भइसकेको छ भने बाँकी सडक स्तरोन्नति, पुल तथा ओभरपास निर्माणलाई एकैसाथ अघि बढाइएको छ ।



समयभित्र ९० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य छ । आयोजना प्रमुख सुनिलबाबु पन्तका अनुसार दैनिक सातदेखि ८०० मिटर कालोपत्र भइरहेको छ । "अझै चार महिना बाँकी छ । त्यसबेला सम्ममा ९० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य छ," उहाँले भन्नुभयो ।

सडक निर्माणको तुलनामा पुलतर्फको प्रगति भने केही कम छ । आयोजना प्रमुख पन्तका अनुसार पुल निर्माणको समग्र प्रगति हाल ३१ प्रतिशत छ । पूर्वी खण्डमा २१ वटा पुल पूर्वी खण्डमा चारआली चोक, बिर्तामोड र चारपानेमा मोटरेबल ओभरपास निर्माण गर्ने योजना छ । चारआलीको जङ्गल क्षेत्रमा हात्तीका लागि अन्डरपास तथा पैदलयात्रीका लागि छ वटा क्रसिङ निर्माण हुनेछन् ।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक निर्माण तथा स्तरोन्नति जारी छ । पूर्वी खण्डअन्तर्गत ४५ किलोमिटर काँकरभिट्टा-सितापुरी स्तरोन्नतिका लागि रु १० अर्ब छ करोड ९४ लाख लागतमा ठेक्का सम्झौता भएको छ । रासस

# सिँचाइ विभागले ल्यायो वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कार्यक्रम




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ विभागले वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गर्दै कृषि उद्यमशीलताका लागि विशेष भूमिगत जल सिँचाइ कार्यक्रम ल्याएको छ ।

कृषि उद्यमीका लागि ल्याइएको उक्त कार्यक्रम सञ्चालन गर्न विभागले 'कृषि उद्यमीका लागि विशेष भूमिगत जल सिँचाइ कार्यक्रम योजना छनोट दिग्दर्शन, २०८३' तयार गरेको छ ।

विभागका महानिर्देशक दिनेश रजौरियाले भूमिगत जलस्रोतको दिगो उपयोगमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, कृषि उद्यमी तथा किसानलाई भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन तथा योजना छनोट र कार्यक्रम कार्यान्वयनलाई पारदर्शी, वस्तुगत एवं प्रभावकारी बनाउन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनबमोजिम दिग्दर्शन तयार गरिएको बताउनुभयो ।

उहाँका अनुसार दिग्दर्शनमार्फत कृषि व्यवसाय सञ्चालन गर्ने व्यक्ति, फर्म, संस्था वा समूहलाई छनोट गरी कार्यक्रममा समावेश गरिनेछ ।

कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केका युवालाई उच्च प्राथमिकता दिइने विभागका उपमहानिर्देशक देव स्याङ्बोले बताउनुभयो । उहाँका अनुसार महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक तथा पिछडिएको क्षेत्रलाई पनि प्राथमिकता दिइनेछ ।

दिग्दर्शनमा कृषि सहकारी संस्था तथा महिला वा आमा समूह, प्राकृतिक प्रकोप प्रभावित परिवार, वैदेशिक रोजगारीबाट फर्केका युवा तथा स्थानीय तह, प्रदेश वा सङ्घीय निकायमा दर्ता भएका संस्थालाई प्राथमिकता दिने व्यवस्था गरिएको छ । कार्यक्रममा सहभागी हुन कम्तीमा ६ हेक्टर जग्गा स्वामित्वमा वा भाडामा हुनुपर्नेछ । जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको सम्झौता र सम्बन्धित जग्गाधनीले ट्युबवेल निर्माण गर्न दिएको मञ्जुरीनामा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

दिग्दर्शनअनुसार तरकारी तथा फलफूल, मसला बाली, बीउ उत्पादन तथा नर्सरी, अन्य नगदे बाली, पुष्प खेती, जडीबुटी, माछापालन तथा घाँस र पशुचारा उत्पादनलाई प्राथमिकता दिइनेछ ।

योजनाका लागि जग्गाको स्वामित्व तथा उपयुक्तताको स्थलगत प्रमाणीकरण गरिने र भूमिगत जलस्रोतको सम्भाव्यता रहेको स्थान पहिचान गरिनेछ ।

सम्बन्धित कार्यालयले योजना सञ्चालन हुने सिँचाइ क्षेत्र, कृषि उत्पादन तथा संरचनाको मर्मतसम्भारको नियमित अनुगमन गर्ने व्यवस्था दिग्दर्शनमा गरिएको छ । रासस

# बाढीपछि उजाडियो सेतीवेणी, करोडौँको क्षति



पर्वत । असोज ८ गतेदेखि लगातार वर्षा हुने पूर्वसूचना पाए पनि पर्वत, स्याङ्जा र गुल्मीको सङ्गमस्थल सेतीवेणीका स्थानीयले कालीगण्डकी र सेतीखोलामा जलसतह बढ्दै गए पनि पूर्ववत् जस्तै सामान्य बाढी आउने ठानेका थिए । शनिबार रातिसम्म कालीगण्डकी र सेतीखोला पूर्ववत् रूपमा बगिरहेका थिए ।

राति १२ बजे स्थानीय सेतीवेणी प्रहरी चौकीमा माथिल्लो क्षेत्रमा कालीगण्डकीको जलसतह निकै बढेर आएको सूचना पुगेपछि तत्काल महत्वपूर्ण कागजात लिएर चौकी छाड्न र सुरक्षित स्थानमा जान निर्देशन दिइयो । प्रहरीले चौकी छाडेर आसपासका स्थानीयलाई समेत बस्तीबाट सुरक्षित स्थानमा जान आग्रह गरेको केही समयमै कालीगण्डकी र सेतीखोलाको बाढी बजारमा पस्यो ।

बाढीले पर्वततर्फ नौ घर बगाएको र झण्डै ५० घर डुबानमा परेको स्थानीयले बताएका छन् । सँगै जोडिएको स्याङ्जाको गल्याङ नगरपालिका-५ को बजार क्षेत्रसमेत पूर्ण रूपमा डुबानमा परेको थियो ।

स्याङ्जातर्फका करिब २५ कच्ची तथा पक्की घर बाढीमा बगेका छन् । अहिले ती क्षेत्रमा बालुवा र गिटी थुप्रिएर बगरमा परिणत भएको स्थानीय रेशमलाल न्यौपानेले बताउनुभयो । "असोज १० गते दिउँसो देखिएको क्षेत्र र अहिलेको अवस्था हेर्दा सपना जस्तै लागेको छ । कसरी यस्तो भयो भनेर विश्वास गर्न गाह्रो छ," उहाँले भन्नुभयो ।

बाढीले प्रहरी चौकीसहित खाद्यान्न, विद्युतीय सामग्री, भाँडाकुँडा, फेन्सी पसल तथा होटलमा क्षति पुऱ्याएको छ । नेष्डो समृद्ध लघुवित्त, विभिन्न सहकारीलगायत संस्थासमेत डुबानमा परेका छन् । न्यौपानेका अनुसार पर्वततर्फ मात्रै करिब रु १० करोडको क्षति भएको छ ।

गुल्मीको अर्बेनीबाट सेतीवेणीमा आएर मोबाइल व्यवसाय गर्दै आएका एक युवाले करिब रु ३० लाख बराबरको क्षति भएको बताउनुभयो । स्थानीय ७० वर्षीय रवि भट्टराईले आफ्नो जीवनकालमा बजारमा यसरी ठूलो बाढी पसेको पहिलोपटक देखेको बताउनुभयो ।

स्थानीय होटल व्यवसायी उमाकान्त न्यौपानेले घरसहित रु ४० लाखभन्दा बढीको क्षति भएको बताउनुभयो । "अन्यत्र जाऊँ भने जग्गाजमिन छैन । यही जोखिम मोलेर बस्नुपर्ने बाध्यता छ । जीवनभरको कमाइ एकै रातमा बगरमा परिणत भयो," उहाँले भन्नुभयो । उहाँ अहिले परिवारसहित स्थानीय विद्यालयमा आश्रय लिएर बस्नुभएको छ ।

स्थानीय अगुवा व्यवसायी रेशमलाल न्यौपानेले घर तथा विभिन्न व्यवसायमा भएको क्षतिसमेत जोड्दा पर्वततर्फ मात्रै करिब रु १० करोडको क्षति भएको जानकारी दिनुभयो । बाढी प्रभावितलाई बिहादी गाउँपालिकाले स्थानीय शालिग्राम माध्यमिक विद्यालयमा बस्ने र खाने व्यवस्था मिलाएर आश्रय दिएको छ ।

स्याङ्जातर्फको बजार क्षेत्र पनि बाढीपछि खण्डहरमा परिणत भएको छ । यहाँ सानाठूला गरी करिब २५ घरमा क्षति पुगेको छ । लामो समयदेखि होलसेल पसल सञ्चालन गर्दै आउनुभएका खिमप्रसाद पौडेलले स्वदेशमै केही गरौँ भनेर गरेको लगानी बाढीले क्षणभरमै बगाएको बताउनुभयो । उहाँका अनुसार करिब रु ५० लाखभन्दा बढीका सरसामान बाढीले बगाएको छ ।

गल्याङ नगरपालिका-५ का वडाध्यक्ष घनश्याम भट्टराईका अनुसार स्याङ्जातर्फ पनि करोडौँको क्षति भएको छ । भौतिक संरचनाबाहेक स्थानीयको रु १५ करोडभन्दा बढीको धनमाल नष्ट भएको उहाँले जानकारी दिनुभयो । बाढीले स्थानीय मन्दिर, सत्तल, शालिग्राम शिलासम्म जाने पैदलमार्गलगायत संरचनामा समेत क्षति पुऱ्याएको छ । बाढीपीडितलाई स्थानीय तह र जिल्ला प्रशासन कार्यालय स्याङ्जाले खाद्यान्न तथा लत्ताकपडा वितरण गरेको उहाँले बताउनुभयो ।

वर्षौँदेखिको लगानी, मेहनत र परिश्रम बाढीले बगाएपछि स्थानीय रोजगारी र व्यवसायविहीन भएका छन् । अब अन्यत्र बसाइँ सर्ने वा सोही स्थानमा पुनः घर तथा व्यवसाय सञ्चालन गर्ने भन्ने विषयमा उनीहरू अन्योलमा छन् ।

स्थानीय शालिग्राम माध्यमिक विद्यालयका प्रधानाध्यापक पशुपति बस्यालले बाढीले बजार क्षेत्र असुरक्षित बनाएपछि स्थानीय नयाँ ठाउँमा जाने वा जोखिम मोलेर पुनः सोही ठाउँमा बस्ने भन्ने विषयमा अन्योलमा रहेको बताउनुभयो । रासस

# काठ आयात प्रतिस्थापन गर्ने सरकारको कार्ययोजना

कपिलवस्तु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले स्वदेशी काठको उत्पादन तथा उपयोग बढाएर विदेशी काठको आयात प्रतिस्थापन गर्न सरकारले कार्ययोजना निर्माण गरिरहेको बताउनुभएको छ ।

कपिलवस्तुको तिलौराकोट साझेदारी वनको शुक्रबार अनुगमनका क्रममा उहाँले नेपालका वनमा काठ कुहिने र धोद्रिने तर विदेशबाट काठ आयात हुने अवस्था अन्त्य गर्न कार्ययोजना निर्माणको काम अन्तिम चरणमा पुगेको बताउनुभयो । मन्त्री चौधरीले वनको दिगो व्यवस्थापनसँगै स्वदेशी काठको उत्पादन र उपभोग बढाउन सरकारको प्राथमिकता रहेको जानकारी दिनुभयो ।

उहाँले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नै विदेशी काठको आयात प्रतिस्थापनका लागि स्वदेशी काठको उत्पादन र उपभोग बढाउने विषय समेटिएको जानकारी दिनुभयो । "नेपालको वनमा रहेको काठको व्यवस्थित व्यवस्थापन र उपयोगका लागि कार्ययोजना निर्माणको काम अन्तिम चरणमा पुगेको छ," उहाँले भन्नुभयो ।



मन्त्री चौधरीले काठ आयात प्रतिस्थापनका लागि देशका विभिन्न स्थानमा भएका सफल अभ्यासको अध्ययन तथा अनुगमन भइरहेको बताउनुभयो । स्वदेशी काठको उत्पादन, व्यवस्थापन, बिक्री तथा उपभोगलाई सहज बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न सामुदायिक वन, साझेदारी वन र डिभिजन वन कार्यालयको स्थलगत अध्ययन भइरहेको उहाँको भनाइ छ ।

नेपालमा आवश्यकताअनुसार काठ उपलब्ध हुने अवस्था हुँदाहुँदै पनि विदेशबाट काठ आयात भइरहेको उल्लेख गर्दै मन्त्री चौधरीले स्वदेशी काठको व्यवस्थित उपयोग र खपत बढाउनुपर्नेमा जोड दिनुभयो ।

अनुगमन टोलीमा लुम्बिनी प्रदेशका वन, वातावरण तथा पर्यटनमन्त्री तुलसीप्रसाद चौधरीसहित सङ्घीय तथा प्रदेश मन्त्रालयका अधिकारी सहभागी हुनुहुन्थ्यो । टोलीले तिलौराकोट साझेदारी वन उपभोक्ता समूह र मायादेवी साझेदारी वन उपभोक्ता समूहको स्थलगत अवलोकन गरेको थियो ।

सो अवसरमा तिलौराकोट साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष जयप्रकाश पाण्डेयले वनको वार्षिक आम्दानी करिब पाँच करोड रुपियाँ रहेको जानकारी दिनुभयो । वन संरक्षणसँगै स्थानीय रोजगारी सिर्जना, उपभोक्ताको काठजन्य आवश्यकता पूरा गर्ने र आम्दानीका गतिविधि सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

अध्यक्ष पाण्डेयले स्वदेशी काठको व्यवस्थित उत्पादन र उपयोगलाई सरकारले प्राथमिकता दिए नेपाल काठमा आत्मनिर्भर बन्न सक्ने र आयात घटाउन सकिने बताउनुभयो ।

अनुगमन टोलीलाई डिभिजन वन कार्यालय कपिलवस्तुका वरिष्ठ वन अधिकृत दीपक केसी, तिलौराकोट साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष पाण्डेय, मायादेवी साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष दिनेश जयसवाल र वन निर्देशनालय लुम्बिनी प्रदेशका निर्देशक ईश्वरीप्रसाद पौडेललगायतले साझेदारी वनमा भइरहेको कामबारे जानकारी गराउनुभएको थियो ।

उहाँहरूले कपिलवस्तुमा संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका अभ्यास, वन संरक्षण र काठ उत्पादनका विषयमा जानकारी गराउनुभएको थियो । नीतिगत समस्याका कारण वनमा उत्पादनयोग्य काठ कुहिने तथा धोद्रिने अवस्था रहे पनि स्वदेशी माग पूर्ति गर्न विदेशबाट काठ आयात गर्नुपर्ने अवस्था रहेको उहाँहरूको भनाइ छ । रासस

# पर्यटन प्रवर्द्धनका लागि पोखरा-उत्तरपूर्वी भारतबीच 'बीटूबी' कार्यक्रम

पोखरा, १७ असोजः पोखरामा उत्तरपूर्वी भारतका पर्यटन व्यवसायी र पोखराका पर्यटन व्यवसायीबीच पर्यटन प्रवर्द्धन तथा व्यवसायिक सहकार्यका लागि 'बीटुबी' कार्यक्रम भएको छ ।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धन तथा पोखरा पर्यटन परिषद्को सहकार्यमा होटल एसोसिएसन नेपाल गण्डकी, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी र होटल एसोसिएसन पोखरा नेपालको आयोजनामा शुक्रबार पोखरामा 'बीटुबी' कार्यक्रम भएको हो । 'पर्यटन प्रवर्द्धन तथा व्यवसायिक सञ्जाल विस्तार' को उद्देश्यसहित आयोजित कार्यक्रममा उत्तरपूर्वी भारतीय पर्यटन महासङ्घका प्रतिनिधि तथा पोखराका पर्यटन व्यवसायी सहभागी भएका थिए ।

कार्यक्रममा नेपाल र उत्तरपूर्वी भारतका पर्यटन व्यवसायीबिच पर्यटन प्रवर्द्धन, पर्यटक आदानप्रदान, व्यवसायिक सम्बन्ध विस्तार तथा आपसी सहकार्यका विषयमा छलफल भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष हरी भुजेलले बताउनुभयो । दुवै क्षेत्रका पर्यटन व्यवसायीबीच प्रत्यक्ष भेटघाट र व्यवसायिक सम्बन्ध विस्तारले पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उहाँको विश्वास छ ।

होटल एसोसिएसन पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले भारतका विभिन्न सहरमा वर्षेनी आयोजना गरिने 'चलिए पोखरा' अभियानलाई उत्तरपूर्वी भारतसम्म पुगेर सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभयो । रासस

# विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १५३ रुपैयाँ ८१ पैसा र बिक्रीदर १५४ रुपैयाँ ४१ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १७३ रुपैयाँ ३१ पैसा र बिक्रीदर १७३ रुपैयाँ ९९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०२ रुपैयाँ ९४ पैसा र बिक्रीदर २०३ रुपैयाँ ७४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८३ रुपैयाँ ७६ पैसा र बिक्रीदर १८४ रुपैयाँ ४८ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०६ रुपैयाँ ६१ पैसा र बिक्रीदर १०७ रुपैयाँ ०३ पैसा, क्यानेडियन डलर एकको खरिददर १०७ रुपैयाँ ८८ पैसा र बिक्रीदर १०८ रुपैयाँ ३० पैसा, सिङ्गापुर डलर एकको खरिददर १२० रुपैयाँ ०१ पैसा र बिक्रीदर १२० रुपैयाँ ४८ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ७१ पैसा र बिक्रीदर नौ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ९४ पैसा र बिक्रीदर २३ रुपैयाँ ०३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ९६ पैसा र बिक्रीदर ४१ रुपैयाँ १२ पैसा, कतारी रियाल एकको खरिददर ४२ रुपैयाँ २० पैसा र बिक्रीदर ४२ रुपैयाँ ३६ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ५६ पैसा र बिक्रीदर चार रुपैयाँ ५८ पैसा, युएई दिराम



एकको खरिददर ४१ रुपैयाँ ८८ पैसा र बिक्रीदर ४२ रुपैयाँ ०४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ६६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८० पैसा, साउथ कोरियन वन १०० को खरिददर ११ रुपैयाँ २६ पैसा र बिक्रीदर ११ रुपैयाँ ३० पैसा, स्विडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ २९ पैसा र बिक्रीदर १५ रुपैयाँ ३५ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ १८ पैसा र बिक्रीदर २३ रुपैयाँ २७ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ६० पैसा र बिक्रीदर १९ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर ४९९ रुपैयाँ ४६ पैसा र बिक्रीदर ५०१ रुपैयाँ ४१ पैसा, बहराइन दिनार एकको खरिददर ४०७ रुपैयाँ ९७ पैसा बिक्रीदर ४०९ रुपैयाँ ५६ पैसा, ओमनी रियाल एकको खरिददर ३९९ रुपैयाँ ५१ पैसा र बिक्रीदर ४०१ रुपैयाँ ०७ पैसा रहेको छ ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । रासस

# कांग्रेस सर्लाही ४ बाट मन्त्री सिंहको परिवारबाट ४ प्रतिनिधि



**टुडे समाचारदाता**

मलंगवा । गगनकुमार थापा समूह नेपाली कांग्रेसको निर्वाचन क्षेत्र सर्लाही-४ बाट एकै परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट सर्लाहीका पूर्वसभापति सुरेन्द्रप्रसाद सिंहको परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएको हो । सर्लाही-४ को क्षेत्रीय अधिवेशनबाट उनीहरू सबै सर्वसम्मत चुनिएको बताइएको छ ।

धनकौल-२ का सिंहसँगै मधेश प्रदेशका पूर्व स्वास्थ्य मन्त्री वीरेन्द्रप्रसाद सिंह, बेबी सिंह र सुधीरकुमार सिंहको नाम सर्लाही-४ बाट चयन भएका महाधिवेशन प्रतिनिधिहरूको सूचीमा उल्लेख छ ।

वीरेन्द्र पूर्वसभापति सुरेन्द्रका सहोदर भाइ हुन् । उनी मधेश प्रदेश कार्यसमितिका उपसभापति रहेका छन् । बेबी पूर्वसभापति सुरेन्द्रकी श्रीमती र सुधीर छोरा भएको एक नेताले जानकारी दिएका छन् ।

स्रोतका अनुसार पूर्वसभापति सुरेन्द्रका दुई जना भिनाजु पनि महाधिवेशनप्रतिनिधि चयन भएका छन् । महाधिवेशन प्रतिनिधमा चयन भएका केदारनन्दन चौधरी र रविनन्दन चौधरी सुरेन्द्रका भिनाजु हुन् ।

भ्रष्टचार मुद्दामा अदालतले दोषी ठहर गरेपछि सुरेन्द्रले २०८२ भदौ पहिलो साता जिल्ला सभापतिबाट राजीनामा दिनुपरेको थियो । विशेष अदालतबाट २०७१ पुस २५ मा मनुसमरा सिँचाइ आयोजना क्षेत्रका रुख कटान गर्दा सुरेन्द्रले भ्रष्टाचार गरेको ठहर भएको थियो ।

# धनुषा ३ को सभापतिमा यादव निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ३ को क्षेत्रीय सभापतिमा विनयकुमार यादव निर्वाचित भएका छन् ।

कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत संस्थापन पक्षबाट भएको क्षेत्रीय अधिवेशनमा यादव क्षेत्रीय सभापतिमा निर्वाचित भएका हुन् ।



जनकपुरधाम उपमहानगरपालिकाका मेयर समेत रहेका नगर सभापति मनोज साह पनि उम्मेदवार थिए । तर उनी ब्याक भएपछि यादव निर्वाचित भएका हुन् ।

यस्तै, धनुषा ३ बाट नेपाली कांग्रेसका संस्थापन पक्षतर्फ खुला महाधिवेशन प्रतिनिधिमा १० जना निर्वाचित भएका छन् ।

खुलातर्फ सर्वाधिक मत प्राप्त गर्नेमा जीवनाथ चौधरी रहेका छन् । उनले ६७७ मत प्राप्त गरे । त्यसपछि गणेश झाले ६५०, रामसरोज यादवले ६४७ र प्रफुल्ल घिमिरेले ६४५ मत प्राप्त गरेका छन् ।

यसैगरी हरिशंकर शाहले ५९१, रामबाबु यादवले ५८१, मनोजकुमार साहले ५७९, पप्पु ठाकुरले ५४८, सुनिलकुमार झाले ५१३ तथा राजकुमार साहले ५११ मत प्राप्त गर्दै खुला महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका छन् ।

क्षेत्रीय सभापति तथा महाधिवेशन प्रतिनिधिको निर्वाचनसँगै धनुषा-३ मा कांग्रेसको आगामी महाधिवेशनका लागि क्षेत्रीय प्रतिनिधित्वसमेत तय भएको छ ।

# संघर्ष गर्ने अध्यक्ष यादवको चेतावनी

**टुडे समाचारदाता**

बीरगंज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आन्दोलनबाट प्राप्त उपलब्धिमाथि खतरा उत्पन्न भएकाले संघर्ष गर्ने चेतावनी दिएका छन् ।




जनमत पार्टीको दोस्रो महाधिवेशनको उद्घाटन कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै उनले मधेश आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि, अधिकार र पहिचानका लागि संघर्ष गर्नुपर्ने बेला आएको बताए ।

नेपालमा अझै पनि मधेसी उत्पीडनमा रहेको धारणा राखे । अब आफ्नो अधिकारका लागि सबै मिलेर सङ्घर्ष गर्नुपर्ने बताउँदै उनले जनमत पार्टी र जसपा नेपालको धेरै कुरामा समानता रहेको धारणा राखे । यति समानता रहँदा पनि एक साथ किन नरहेको भन्दै उनले अब एक आपसमा सहकार्य गरेर अगाडि बढ्नुपर्ने धारणा राखे ।

उनले भने, 'हामी आफ्नो अधिकार र पहिचानका लागि लड्छौँ, त्यसका लागि अग्रगामी मोर्चा गठन गरेको छौँ र एक साथ अगाडि बढ्ने प्रयास भइरहेको छ ।' मधेस आठ जिल्लामा मात्र सीमित नरहेको भन्दै उनले मेचीदेखि महाकालीसम्मको भूभाग मधेस रहेको बताए ।

'सरकार र तत्कालीन मधेसी मोर्चाबिच भएको आठ बुँदे सम्झौतामा एक मधेस एक स्वायत्त प्रदेशको सम्झौता भयो । संविधानका लेखनदासहरूले मधेसीको हत्या गरेर संविधान लेखेका हुन्' उनले भने, 'जबरजस्ती मधेसलाई आठ जिल्लामा कायम गरिएको छ ।'

प्रदेशमा आफ्नो शासन प्रशासन नभएसम्म अधिकार प्राप्त नहुने भन्दै उनले सङ्घमा समान अधिकार पाउनुपर्ने बताए । उनले त्यसका लागि मधेसी एकता गरी सङ्घर्षमा जानुपर्ने धारणा समेत राखे ।

जबसम्म यो विभेद र असमानता रहन्छ तबसम्म अधिकार प्राप्तिको अनुभूति प्राप्त नहुने बताउँदै उनले राष्ट्रियसभामा मधेसको जनसङ्ख्याको आधारमा सहभागिता नदिएको गुनासो गरे । आधा जनसङ्ख्या रहेको मधेसको प्रतिनिधित्व राष्ट्रियसभामा १० प्रतिशत मात्र रहेको उनको भनाइ छ । सात प्रदेशको संरचना परिवर्तन गर्नुपर्ने बताउँदै उनले संरचना परिवर्तन भए मात्र संघीयता बलियो हुने दाबी गरे ।

# जनकपुरधामको फुटफाथ व्यवस्थापन अभियानमा तिव्रता

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका बजारक्षेत्रभित्रसवारीआवागमनमा देखिएको समस्या न्यूनीकरण गर्न जिल्ला ट्राफिक धनुषा र नगर प्रहरीको संयुक्त टोलीले फुटपाथ व्यवस्थापन अभियानमा तीव्रता दिएका छन् ।




जिल्ला ट्राफिक प्रमुख खगेन्द्रकुमार दाहालको कमाण्डमा खटिएको ट्राफिक प्रहरी र जनकपुरधामउपमहानगरपालिकाको नगर प्रहरीको संयुक्त टोलीले सडक तथा फुटपाथमा राखिएका व्यापारिक सामग्री हटाउँदै आवागमन सहज बनाउने काम गरिरहेको हो ।

'सडक सुरक्षा हाम्रो साझा जिम्मेवारी हो' भन्ने सन्देशसहित ट्राफिक प्रहरीले सडक तथा फुटपाथलाई व्यवस्थित राख्न सबै पक्षलाई आग्रह गर्दै अभियानलाई तिव्रता उनले दिएका हुन् ।

सडक तथा फुटपाथमा पसलका सामग्री राखेर बिक्री वितरण गर्दा पैदलयात्रीलाई हिँड्न समस्या हुनुका साथै सवारीसाधनको आवागमनसमेत प्रभावित हुने भएकाले नियमित रूपमा फुटपाथ व्यवस्थापन गरिरहेको ट्राफिक प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक दाहालले सडक र फुटपाथ पैदलयात्री तथा सवारी आवागमनका लागि प्रयोग हुने भएकाले त्यसलाई अवरोध हुने गरी सामान राखेर व्यापार नगर्न व्यवसायीलाई आग्रह गरे । उनले फुटपाथ व्यवस्थापनलाई प्रहरीको अभियानका रूपमा मात्र नलिई सडक सुरक्षा र सहज आवागमनसँग जोडेर हेर्नुपर्ने बताए ।

दाहालका अनुसार सडकमा अनधिकृत रूपमा सामान राख्दा सवारीसाधन र पैदलयात्री दुवै प्रभावित हुने तथा दुर्घटनाको जोखिमसमेत बढ्न सक्ने भएकाले व्यवसायी, पैदलयात्री र सवारी चालक सबैले ट्राफिक नियमको पालना गर्न आवश्यक छ ।

उनले भने, 'सडकमा सामान नराखौँ, फुटपाथलाई पैदलयात्रीका लागि प्रयोग गर्न दिऔँ । ट्राफिक नियमको पालना गरेर दुर्घटना न्यूनीकरणमा सबैले योगदान गरौँ । आफू पनि सुरक्षित बनौँ र अरूलाई पनि सुरक्षित राखौँ ।'

ट्राफिक प्रहरीले जनकपुरधामको व्यस्त बजार तथा सडक क्षेत्रमा दैनिक रूपमा ट्राफिक व्यवस्थापनसँगै फुटपाथ व्यवस्थापनलाई निरन्तरता दिने जनाएको छ । सडक सुरक्षा कायम गर्न प्रहरीको प्रयाससँगै स्थानीय व्यवसायी, पैदलयात्री र सवारी चालकको सहयोग पनि उत्तिकै आवश्यक रहेको प्रहरीले जनाएको छ ।

# धनुषा र सिरहामा ब्राउन सुगरसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा लागूऔषध नियन्त्रणका लागि प्रहरीले सक्रियता बढाइरहेका बेला धनुषा र सिरहाबाट लागू औषध ब्राउन सुगर (खैरो हिरोइन) सहित सहित दुईजनालाई पक्राउ गरेको छ ।



प्रहरीले जनकपुरधामबाट १६१ ग्रामभन्दा बढी खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद गरेको छ। लागूऔषध ओसार पसारमा संलग्न रहेको आशंकामा प्रहरीले मोटरसाइकलसहित एक युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार शनिवार दिउँसो करिब ४:२० बजे जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित बाबा पेट्रोल पम्प अगाडि प्रहरीले चेकजाँचका क्रममा उक्त पदार्थ बरामद गरेको हो ।

धनुषा प्रहरीले जेठ २३ गतेदेखि असोज १५ गतेसम्म मात्रै लागू औषध नियन्त्रण अभियान अन्तर्गत ३१ जनालाई पक्राउ गरेको हो । सो क्रममा प्रहरीले ४७५।५१६ किलो, ब्राउन सुगर ४२३.१ ग्राम, नाइट्रोभेट ट्याबलेट ८१० पिस र डाइजिपाम इन्जेक्सन २ हजार ४८७ एम्पुल बरामद गरेको छ । प्रहरीले जिल्लाबाट ३९ जना लागू औषधसेवनकर्तालार्ग सुधारात्मक कारवाही गरेको जनाइएको छ ।

यस्तै जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार शुक्रबार राति जिल्ला सिरहा, कर्जन्हा नगरपालिका वडा नम्बर २ बन्दीपुर स्थित पूर्वपश्चिम राजमार्गमा लागूऔषध ब्राउन सुगरको कारोबार भइरहेको छ भन्ने गोप्य सूचनाको आधारमा धनगढीमाई नगरपालिका वडा नम्बर ७ बस्ने २० वर्षिय अजय कुमार यादवलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पूर्वबाट पश्चिम पोखरा तर्फ जाँदै गरेको गण्डकी प्रदेश ०१-००१ ख ०२२१ नम्बरको यात्रुवाहक बस रोकी चेकजाँच गर्दा उक्त बसमा सवार यादवले लगाएको जिन्स पाइन्टको बायाँ खल्तीमा कालो प्लास्टिकमा लुकाई छिपाई राखेको अवस्थामा लागूऔषध ब्राउन सुगर फेला परेको हो ।

उनका साथबाट १० ग्राम ४१० मिलिग्राम ब्राउन सुगर र मोबाइल बरामद भएको प्रहरीले जनाएको छ । लागूऔषध ब्राउन सुगर सहित अभियुक्तलाई इलाका प्रहरी कार्यालय मिर्चैया सिराहामा ल्याई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# गाँजासहित तीनजना पक्राउ



**टुडे समाचारदाता**

लहान । सिरहाको औरही गाउँपालिका-१ दरैया क्षेत्रबाट ११० किलो ७६० ग्राम गाँजासहित तीन जनालाई पक्राउ गरिएको छ । भारततर्फ गाँजा लैजाँदै गरेको अवस्थामा तिनीहरु परेका हुन् ।

पक्राउ पर्नेमा औरही गाउँपालिका-२ का ४३ वर्षीय मिश्रीलाल सदाय, ३१ वर्षीय मनिकलाल सदाय र धनगढीमाई नगरपालिका-५ का ३३ वर्षीय श्यामसुन्दर यादव रहेको सशस्त्र प्रहरीले जनाएका छन् ।

उनीहरूले टाउकोमा बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा ६ वटा बोरामा राखिएको गाँजा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूको साथबाट तीन थान मोबाइलसमेत बरामद भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए ।

प्रहरी स्रोतका अनुसार उदयपुर, सिन्धुलीलगायत जिल्लाका विभिन्न स्थानबाट अवैध रूपमा गाँजा खरिद गरी सिरहाका बलान, कमला, गागन र घुर्मीलगायत नदी तथा सीमावर्ती क्षेत्र प्रयोग गरेर भारततर्फ लैजाने गरेको पाइएको छ ।

यसअघि पनि सशस्त्र प्रहरीले सिरहाको सुखीपुर नगरपालिका-१० विश्वकर्मा चोकस्थित गागन खोलाको पुलबाट गाँजा बोकेको बोलेरो गाडी र मोटरसाइकल नियन्त्रणमा लिएको थियो । उक्त घटनामा समेत ठूलो परिमाणमा गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

पछिल्लो समय सिरहाका विभिन्न नदी तथा सीमावर्ती क्षेत्रलाई प्रयोग गरी भारततर्फ हुने लागूऔषध तस्करी नियन्त्रण गर्न निगरानी बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताए । पक्राउ परेका व्यक्तिहरू र बरामद गाँजाबारे थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# रौतहटका सैनिकको कुशको शव बनाएर अन्तिम संस्कार

**टुडे समाचारदाता**

रौतहट । भोटेकोशी नदीमा आएको बाढीपछि लामो समयदेखि बेपत्ता रहेका रौतहटका एक नेपाली सेनाका जवानको हिन्दु संस्कारअनुसार कुशको शव बनाएर अन्तिम बिदाइ गरिएको छ ।




मौलापुर नगरपालिका-७ सगैयाका बैधनाथ साह कानुका २२ वर्षीय छोरा अभिषेक गुप्ता नेपाली सेनाको श्री शेरगण कार्यालय, रसुवामा जवानका रूपमा कार्यरत थिए । गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका क्रममा उनी बेपत्ता भएका थिए ।

बाढीमा परेर बेपत्ता भएपछि परिवारले उनको खोजी जारी राख्नुका साथै सकुशल फर्किने आशामा लामो समय प्रतीक्षा गरेको थियो । तर डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि उनको कुनै अत्तोपत्तो नलागेपछि परिवारले धार्मिक विधिअनुसार कुशबाट शवको आकृति तयार गरी अन्तिम संस्कार गर्ने निर्णय गरेको हो ।

अभिषेकको वास्तविक शव भने अहिलेसम्म फेला परेको छैन । निरन्तर खोजी गर्दा पनि कुनै जानकारी प्राप्त हुन नसकेपछि परिवारले हिन्दु धार्मिक मान्यताअनुसार कुशको शव बनाएर अन्तिम संस्कार सम्पन्न गरेको जनाएको छ ।

> अन्तिम संस्कारका क्रममा नेपाली सेनाको नारायण दल गण गौर पुरेनवाबाट प्रमुख सेनानी कर्णेल विश्वास विष्टको नेतृत्वमा पुगेको टोलीले अभिषेकप्रति सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो ।

भोटेकोशी क्षेत्रमा बाढी आएका बेला नेपाली सेनाको जिम्मेवारीमा रहेका अभिषेक बेपत्ता भएका थिए । शव नभेटिए पनि परिवारले धार्मिक तथा सामाजिक परम्परा पूरा गर्दै उनको अन्तिम बिदाइ गरेको हो ।

अन्तिम संस्कारका क्रममा नेपाली सेनाको नारायण दल गण गौर पुरेनवाबाट प्रमुख सेनानी कर्णेल विश्वास विष्टको नेतृत्वमा पुगेको टोलीले अभिषेकप्रति सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो ।

लामो समयसम्म खोजी गर्दा पनि अभिषेकको अवस्थाबारे कुनै जानकारी प्राप्त हुन नसकेपछि परिवारले भारी मनका साथ धार्मिक विधिमार्फत उनको अन्तिम संस्कार गर्नुपरेको हो ।

# धान खेतमा करेन्ट लागेर तीनजनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरसँग जोडिएको भारतको बिहार राज्य अन्तर्गत सीतामढी जिल्लाको बैरगनिया क्षेत्रमा विद्युतीय करेन्ट लागेर तीन जनाको मृत्यु भएको छ । घटनामा अन्य तीन जना गम्भीर घाइते भएका छन् ।



बैरगनिया प्रखण्डको अख्ता पश्चिमी चकवा पञ्चायत-५ स्थित तकिया टोलमा शनिबार बिहान उक्त दुर्घटना भएको हो । खेतमा बिछ्याइएको खुला विद्युतीय तारको सम्पर्कमा आएपछि तीन स्थानीयवासीको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक विवरणमा जनाइएको छ ।

घाइते तीन जनालाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ । उनीहरूको अवस्था गम्भीर रहेको स्थानीय स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

प्रारम्भिक अनुसन्धानका क्रममा धानबालीलाई जंगली जनावरबाट जोगाउन खेत वरिपरि विद्युतीय तार बिछ्याइएको हुन सक्ने आशंका गरिएको छ । करेन्ट प्रवाह भइरहेको उक्त तारबारे जानकारी नभएका स्थानीयवासी खेततर्फ जाने क्रममा त्यसको सम्पर्कमा पुगेपछि दुर्घटना भएको बताइएको छ ।

घटनास्थलमा दुई वटा जंगली बँदेलसमेत मृत फेला परेका छन् । यसले खेतमा बाली जोगाउने उद्देश्यले विद्युतीय तार प्रयोग गरिएको हुन सक्ने आशंकालाई थप बल पुगेको स्थानीय स्रोतको भनाइ छ ।

भैंसी खोज्न खेततर्फ गएका स्थानीयवासीले तारबारे जानकारी नपाएका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख छ ।

घटनापछि स्थानीय प्रहरीले घटनाको विस्तृत अनुसन्धान अघि बढाएको छ । खेतमा असुरक्षित रूपमा विद्युतीय तार प्रयोग गरिएको पुष्टि भएमा मानिससँगै पशुचौपायासमेत जोखिममा पर्ने भएकाले स्थानीय बासिन्दामा त्रास बढेको बताइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८